# नयाँ पुस्ता उदाउँदै

## नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै


**केइथ वेइस्ट**

**द्वारा**

ग्लोबल एड्भान्सको नयाँ
पुस्ताको स्रोत

# बिषयसूची


| | |
|---|---|
| प्राक्कथन | अ |
| परिचय | क |
| Global Needs Assessment 2016 को सारंश | ए |
| सिद्धान्त १: सहभागीतामूलक नेतृत्व | १ |
| सिद्धान्त २: उद्धेश्यसहित नेतृत्व | ९ |
| सिद्धान्त ३: सम्बन्धगत नेतृत्व | १८ |
| सिद्धान्त ४: रूपान्तरण गर्ने नेतृत्व | २६ |
| सिद्धान्त ५: आत्मिक नेतृत्व | ३२ |
| सिद्धान्त ६: अनुग्रहपूर्ण नेतृत्व | ४४ |
| सिद्धान्त ७: सशक्तिकरण नेतृत्व | ५२ |
| निष्कर्ष | ६४ |
| ग्रन्थसूची | ६६ |

# प्राक्कथन

परमेश्वरको प्रतिमान बहु-पुस्ताको छ। एक पुस्तादेखि अर्को पुस्तासम्म, हामीले उहाँको महिमाको कथामा भाग लिनुपर्छ। यद्यपि ख्रीष्टको शरीरमा रहँदा, हामी निरन्तर संघर्ष गर्छौं। पुस्ताहरू बीचको पुलको सट्टा नेतृत्वको खाडल रहेको देखिन्छ।

ग्लोबल एड्भान्सले विश्वभर रहेका महान आज्ञा अगुवाहरूलाई सशक्त गरेको र सेवा गरेको छ। धेरै बर्षअघि, हामीले हाम्रो विश्वव्यापी साझेदारहरूसँग सर्वेक्षण गर्न सुरू गऱ्यौं। हामीले उनीहरूलाई उनीहरू र चर्चले सामना गर्ने सबैभन्दा ठूलो चुनौतीहरूको स्तर निर्धारण गर्न आग्रह गऱ्यौं। लगभग हरेक महादेशका अगुवाहरूले हामीलाई भन्नुभयो कि नयाँ पुस्तालाई संलग्न गराउनु उहाँहरूको सबैभन्दा कठिन चुनौतीहरू मध्ये एक थियो।

यसले हामीलाई नयाँ पुस्तालाई थप उद्धेश्यसहित संलग्न गराउन प्रेरित गऱ्यो। हामीले उनीहरूलाई बुझ्ने, उनीहरूको सहभागितालाई निमन्त्रणा दिने र हामीले के सिकिरहेका छौं भनेर सिकाउने बारे थप जानकार बन्न खोज्यौं। हामी परमेश्वरले आफ्नो आत्मा युवा र वृद्ध दुवैमा खन्याउनु भएको हेर्न चाहन्छौं।

ग्लोबल एडभान्सले विश्वास गर्छ कि परमेश्वरले आगामी पुस्तालाई उपहार, प्रतिभा र योग्यताहरूका साथ संसारलाई चाहिने अद्वितीय रूपमा रचना गर्नुभएको छ। हामी नयाँ पुस्तालाई महान आज्ञा पूरा गर्न, विश्वव्यापी मण्डलीलाई बलियो बनाउन, र सुसमाचारको साथ संस्कृतिको हरेक क्षेत्रमा प्रवेश गर्न सशक्त बनाउन चाहन्छौं। र हामी यो बहु-पुस्ताको रूपमा गर्न चाहन्छौं।

## नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

म ग्लोबल एडभान्सको नयाँ NextGen Engagement Initiative को बारेमा धेरै उत्साहित छु । हामी हालैका अगुवाहरूमा र आउने अगुवाहरूमा लगानी गर्न प्रतिबद्ध छौं । हामी पहिले नै स्थापित अगुवाहरूलाई नयाँ पुस्तालाई अझ राम्रोसँग संलग्न गराउन मद्दत गर्न पनि प्रतिबद्ध छौं । नयाँ पुस्ताका अगुवाहरूलाई संलग्न गराउनको लागि यो हाम्रो पहिलो ग्लोबल एडभान्स स्रोत हो । हामी आशा गर्छौं कि यसले तपाईंलाई आशिषित बनाउने छ ।

आउनुहोस्, हामी सँगै साझेदार बनौं ताकि भावी पुस्ताले ख्रीष्टलाई चिनून् र हाम्रो संसारमा प्रभाव पार्न सकून् !

**कृतज्ञतापूर्वक नियुक्त गरिएको,**

**जोनाथन सिब्ली**
**अध्यक्ष, ग्लोबल एड्भान्स**

# परिचय

"तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँको उदेकको ज्योतीमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँको आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक ।" १ पत्रुस २:९

संसारलाई आज जति आशा र सत्यको आवश्यकता छ त्यस्तो कहिल्यै भएको थिएन । समाजका धेरै आत्मिक अन्धकार र जटिलताहरूको सामना हाम्रो युवा पुस्ता जो घरमा बसोबास गर्छन्, कलेज र विश्वविद्यालयमा पढ्छन्, बजार क्षेत्रमा प्रवेश गर्छन् र हाम्रा मण्डलीहरूमा आराधना गर्छन्, तिनीहरूले भन्दा कुनै पुस्ताले विरलै सामना गरेको छ। अधिकांशसँग प्राविधिक र सामाजिक मिडियाका स्रोतहरू छन् जसले उनीहरूलाई विश्वव्यापी समुदायमा अन्तरक्रिया गर्न र सम्बन्ध निर्माण गर्न सक्षम बनाउँछ; यद्यपि, धेरैसँग आफ्नै मण्डलीहरूमा, शैक्षिक क्षेत्रहरूमा वा व्यवसायका ठाउँहरूमा उद्धेश्यमूलक नेतृत्व विकास रणनीतिको अभाव छ । तिनीहरूको प्रभावको निरन्तर विस्तार हुने क्षेत्रमा ख्रीष्टको लागि चेला-निर्माणकर्ताहरू र राजदूतहरूको रूपमा तिनीहरूको भूमिकालाई अँगाल्न मद्दत चाहिन्छ ।

यद्यपि यो कार्य चुनौतीपूर्ण देखिन्छ, हामीलाई प्रतिज्ञा गरिएको छ कि ख्रीष्टको आगमन अघि सारा संसारमा सुसमाचार प्रचार गरिनेछ। परमेश्वरले अन्तिम फसल काट्नु अघि प्रत्येक राष्ट्र, भाषा र जातिहरूको भीडले सुसमाचार सुन्ने र प्रतिक्रिया दिने मौका पाउनेछन् ।

परमेश्वरको छुटकाराको योजना संसारमा उहाँको कार्य जारी राख्न प्रत्येक पुस्ताबाट महान आज्ञा अगुवाहरू खडा गर्नु हा । ग्लोबल एडभान्सले विश्वास गर्छ कि यी अगुवाहरूलाई स्थापित आत्मिक अगुवाहरू र मण्डलीहरूद्वारा सहभागी गराउनु र हुर्काउनु पर्दछ ताकि उनीहरू समुदाय र राष्ट्रहरूमा सेवा गर्न पर्याप्त रूपमा तयार हुन सकून् ।

उहाँको प्रशंसाको घोषणा गर्न र आत्मिक अन्धकारमा रहेको संसारसँग सुसमाचारको ज्योति बाल्न आत्मिक अगुवाहरूको अर्को पुस्ता परमेश्वरको चुनिएको साधन हो भन्ने

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

विश्वास गर्दै, ग्लोबल एडभान्सले २०१६ मा नयाँ NextGen Engagement Initiative सुरु गऱ्यो । स्रोतहरू सिर्जना गर्नु अघि वा सम्मेलनहरू र प्रशिक्षण कार्यक्रमहरूको समयतालिका बनाउनु अघि, ग्लोबल एडभान्सले १८ र ३५ वर्षका बीचका आत्मिक अगुवाहरूलाई लक्षित गरी विश्वव्यापी आवश्यकता मूल्याङ्कन सञ्चालन गर्न रोज्यो । हामीले मूल्याङ्कनलाई धेरै भाषाहरूमा अनुवाद गऱ्यौं र छ महिनाको अवधिमा यसलाई हाम्रो विश्वव्यापी नेटवर्कद्वारा वितरण गऱ्यौं । हामीले प्राप्त गरेको प्रतिक्रियाले बहुमूल्य जानकारी प्रदान गऱ्यो जसबाट हामीले उनीहरूको आवश्यकतालाई बुद्धिमानीपूर्वक प्रतिक्रिया दिन सिक्यौं ।

चार प्रमुख विषयवस्तुहरू मूल्याङ्कन गर्न प्रश्नहरू सिर्जना गरिएको थियो, जसले अर्को पुस्ता अगुवाहरूलाई प्रभाव पार्छ भनी हामी विश्वास गर्छौं । पहिलो विषयवस्तुले विश्वव्यापी मण्डलीमा रहेको आत्मिक नेतृत्वको अन्तरलाई सम्बोधन गरेको थियो । दोस्रो कुरा, आफ्ना नवीन विचारहरू व्यक्त गर्दा युवाहरूले महसुस गर्ने सृजनशीलता, उद्यमशीलता र स्वतन्त्रताको स्तरमा सम्बन्धित थियो । तेस्रोले अर्को पुस्ताले आफ्नो मण्डली र समुदायमा नेतृत्वको भूमिका ग्रहण गर्न थालेपछि मण्डली एकदमै फरक देखिने छ कि छैन भनी अन्वेषण गऱ्यो । चौथो विषयवस्तुमा उनीहरूको समुदायमा मण्डलीहरूले सुसमाचारको प्रचार कसरी गरिरहेका छन् भन्ने कुराको मूल्याङ्कन समावेश थियो । यसले सुसमाचारको साक्षरता र सञ्चारको बारेमा उनीहरूको व्यक्तिगत मूल्याङ्कन पनि पत्ता लगायो ।

यस मूल्याङ्कनबाट सिकेको प्रतिक्रियामा, ग्लोबल एडभान्सले मलाई यसको विश्वव्यापी नेटवर्कमा स्थापित अगुवाहरूको लागि स्रोत सिर्जना गर्न आदेश दियो । यो हाम्रो आशा छ कि यो नेतृत्व विकास स्रोतले विश्वभरका अग्रपंक्ति अगुवाहरू र आदिवासी मण्डलीहरूलाई आत्मिक अगुवाहरूको अर्को पुस्ताको पालनपोषण र सशक्तिकरण गर्न प्रोत्साहन साथै सुसज्जित गर्नेछ ।

भविष्यमा परमेश्वरका उद्देश्यहरू पूरा गर्नको लागि नयाँ आत्मिक अगुवाहरू खडा हुनैपर्छ भनी राजा दाउदले बुझे । दाउदले आफूले सिकेका र अनुभव गरेका कुराहरू अर्को पुस्तामा नपुग्दासम्म आफूलाई यस संसारबाट नलैजान परमेश्वरसँग

बिन्ती गरे । उहाँलाई सुम्पिएको आत्मिक नेतृत्वको असल भण्डारे भइरहने इच्छा थियो । दाउदले आफ्नो आत्मिक यात्रामा आफूले व्यक्तिगत रूपमा आनन्द उठाएका कुराहरू- परमेश्वरसँगको गहिरो, स्थायी, घनिष्ठ सम्बन्ध, अरूले पनि अनुभव गरेको हेर्ने इच्छा राखे ।"हे परमेश्वर, म वृद्ध हुँदा र मेरो कपाल फुलिसक्दा पनि मलाई नत्याग्नुहोस्, अर्को पुस्तालाई र पछि आउने सबैलाई मैले तपाईका सामर्थको घोषणा नगरेसम्म मलाई नत्याग्नुहोस् ।" भजनसंग्रह ७१: १८

"...तर आउने पुस्तालाई परमप्रभुका महिमामय कार्यहरू र उहाँको सामर्थ अनि उहाँले गर्नुभएका आश्चर्यपूर्ण कामहरूको वर्णन गर्नेछौं ।" भजनसंग्रह ७८:४

जब स्थापित अगुवाहरूले यी धर्मशास्त्रहरू पढ्छन् र विचार गर्छन्, यो स्पष्ट हुन्छ कि यो जिम्मेवारी दाऊद र उनको आफ्नै पुस्ताको मात्र होइन । यो एक बोलावट हो जुन सबै पुस्ताका अगुवाहरूले बाढ्छन् । हामी सबै आत्मिक अगुवाहरूको अर्को पुस्तामा लगानी गर्न जिम्मेवार छौं । हाम्रो कार्य भनेको तिनीहरूले प्रभुको शक्ति, शक्तिशाली कार्यहरू, र प्रशंसनीय कार्यहरू जान्दछन्, र दाऊदले "मेरो परमेश्वर" भनी बोलाउनुहुनेसँग घनिष्ठ सम्बन्धको अनुभव गर्नु हो ।

कसरी मण्डलीहरू र आत्मिक अगुवाहरूले महान् आज्ञा अगुवाहरूको अर्को पुस्तालाई तयार र परिचालन गर्छन्? ग्लोबल एडभान्स जस्ता स्थापित सेवकाईहरू कसरी अग्रपंक्तिका अगुवाहरूसँग यस कार्यमा सफल हुन मद्दत गर्न आउँछन्? यो हाम्रो आशा छ कि यो स्रोतले यी प्रश्नहरूको जवाफ दिनेछ, र अर्को पुस्ता अगुवाहरूको पालनपोषण गर्न तपाईंको हृदयमा दर्शन राख्न र तपाईंको हातमा उपकरणहरू दिन पवित्र आत्माले यी नेतृत्व विकास सिद्धान्तहरू प्रयोग गर्नुहुनेछ ।

हाम्रो नेतृत्वको छलफलमा, हामी अर्को पुस्ता नेतृत्व विकासको नमुना प्रस्तुत गर्दैनौं भनेर निर्धारण गरिएको थियो, किनभने नमुनाहरू सधैं हरेक संस्कृति र सन्दर्भमा राम्रोसँग हस्तान्तरण गर्दैनन् । नमुनाहरू पुरानो वा समयसंग परिवर्तन हुन सक्छन् । बरु, नयाँ पुस्ता अगुवाहरूलाई संलग्न गर्न, पालनपोषण र सशक्तिकरण गर्नका लागि बाइबलीय र व्यावहारिक सिद्धान्तहरू प्रस्ताव गर्न हामीले निर्णय गर्यौं विश्वास गर्दै कि यी सिद्धान्तहरूले सांस्कृतिक भिन्नताहरू पार गर्नेछन् र प्रत्येक सन्दर्भमा व्यावहारिक प्रयोग पाउनुहुनेछ ।

यस पुस्तकका लागि सात सिद्धान्तहरू चयन गरिएको छ । यसमा विस्तृत सूची प्रदान गर्ने कुनै प्रयास गरिएको छैन, बरु विशेष सिद्धान्तहरूमा ध्यान केन्द्रित गरिएको छ, जुन हामीले विश्वास गर्छौं कि तपाईंलाई अर्को पुस्ता अगुवाहरूका

लागि अझ प्रभावकारी सल्लाहकार बन्न मद्दत गर्न उपयोगी हुनेछ। प्रत्येक सिद्धान्तलाई बाइबलका खण्डहरूद्वारा प्रस्तुत गरिनेछ जसले सिद्धान्तको लागि बाइबलीय आधार वा दृष्टान्त प्रदान गर्दछ।

धेरैजसो अवस्थामा, हामी येशूको उदाहरण प्रयोग गर्नेछौं, किनभने उहाँले यी प्रत्येक सिद्धान्तहरूलाई आफ्ना चेलाहरूको आत्मिक नेतृत्व विकासमा लागू गर्नुभयो। तपाईंको सिकाइ र मननमा सहयोग गर्नको लागि, मैले हाम्रो Global Needs Assessment मा भाग लिने राष्ट्रहरूका युवाहरूको उद्धरण र दृष्टिकोण साझेदारी गर्न साइड प्यानलहरू समावेश गरेको छु। प्रत्येक अध्यायको अन्त्यमा, मैले व्यक्तिगत प्रतिबिम्ब, छोटो प्रार्थना, र कार्य चरणहरू र वांछित परिणामहरूको लागि एउटा खण्ड प्रदान गरेको छु। कृपया यी वस्तुहरूको फाइदा लिनुहोस् जब तपाइँ तपाइँको आफ्नै नेक्स्टजेन संलग्नता र परिचालन रणनीति सुरु गर्न तयार हुनुहुन्छ।

आशिषहरू,

केइथ आर वेइस्ट

# Global Needs Assessment 2016 को सारंश

नयाँ पुस्ता नेतृत्व विकासका सात सिद्धान्तहरू राख्नु अघि म ग्लोबल एड्भान्सले २० १६ NextGen Global Needs Assessment बाट के सिक्यो त्यसको केही झलक बताउन चाहन्छु ।

**विश्वव्यापी प्रतिउत्तर**

ग्लोबल एड्भान्सले Global Needs Assessmentलाई ९ वटाभाषाहरूमा अनुवाद गरेको थियौं र यसलाई हाम्रो वेभसाइटमा उपलब्ध गरिएको थियो । ५ महिनाको अवधिमा हामीले २४ देशहरूबाट ४३८ प्रतिउत्तरहरू प्राप्त गर्यौं । ती देशहरूले तलका भौगोलिक क्षेत्रहरू प्रतिनिधि गर्दछः उत्तर, मध्य, दक्षिण अमेरिका र क्यारिबियन; पूर्वीय यूरोप; पश्चिमी, दक्षिणी, पूर्वीय र दक्षिण पूर्वीय एशिया; उत्तरी, दक्षिणी, पूर्वीय र पश्चिमी अफ्रिका; र अस्ट्रेलिया ।

थप रूपमा, उत्तरी अमेरिका, इक्वेडर, पानामा, चिली, दक्षिण सुडान, क्यामरुन, भियतनाम, चीन र नेपालमा ग्लोबल एडभान्स नयाँ पुस्ता कार्यक्रमहरूमा धेरै मूल्याङ्कनहरू प्रत्यक्ष रूपमा सञ्चालन गरियो । यी प्रत्यक्ष घटनाहरूको सबैभन्दा ठूलो प्रतिक्रिया इक्वेडरबाट आयो ।

Global Needs Assessment मा सबैभन्दा बढी प्रतिनिधित्व गर्ने देशहरू संयुक्त राज्य अमेरिका थिए जसमा ९ १ उत्तरदाता थिए, इक्वेडर ७५, दक्षिण सुडान ४३, र हाइटी ३ १ उत्तरदाताहरू थिए । ६% को अनुपातले पुरुष भन्दा बढी महिलाहरूले सर्वेक्षण गरे । आधा उत्तरदाताहरू १८ र २५ वर्षका बीचका थिए, र थप २४% चाँही २६ र ३० वर्षका बीचका थिए ।

**नेतृत्व संस्कृति**

जब उनीहरूले विश्वव्यापी मण्डलीको नेतृत्व संस्कृतिमा पुस्तागत अन्तर रहेको विश्वास गर्छन् कि गर्दैनन् भनेर सोध्दा, ४८% सहमत वा दृढ रूपमा सहमत थिए, त्यसको विपरीत १९% असहमत वा कडा रूपमा असहमत थिए । बाँकी ३३% तटस्थ रूपमा प्रतिक्रिया दिए ।

जब उनीहरूको नेतृत्व विस्तार गर्ने बारे सोच्न भनियो, हामीले सोध्यौं कि युवा

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

वयस्कहरूले उनीहरूको सबैभन्दा ठूलो चुनौतीको रूपमा के देखे । ३ १% को उच्चतम प्रतिक्रिया यस्तो थियो, “मैले सबैभन्दा ठूलो योगदान कहाँ गर्नेछु भनेर पत्ता लगाउनआफैलाई बुझ्नु” । यो छनोट रोमानियाली र चिनियाँ सहभागीहरूमध्ये सबैभन्दा उच्च थियो । दोस्रो उच्चतम प्रतिशत २८%को प्रतिक्रिया “मलाई मार्गदर्शन गर्ने एक सल्लाहकारको खोजी” थियो । यो प्रतिक्रिया उत्तर अमेरिकी र भियतनामी सहभागीहरू बीच उच्चतम थियो । हामीले फेला पार्‍यौं कि १ १% ले “असफलताको डर” लाई उनीहरूको सबैभन्दा ठूलो चुनौतीको रूपमा चयन गर्‍यो । यो छनोट उत्तर अमेरिकीहरूका बीचमा उच्च र एशियाली र मध्य पूर्वी सहभागीहरूमध्ये सबैभन्दा कम थियो ।

हामीले अर्को पुस्ताका अगुवाहरूलाई यी नेतृत्व चुनौतिहरू पार गर्न कुन स्रोतहरूले सबैभन्दा राम्रो मद्दत गर्छ भनेर सोध्यौं, र ४९% ले “स्थापित अगुवाहरूलाई आफ्नो पुस्तालाई राम्रोसँग बुझ्न र संलग्न गराउन मद्दत गर्ने एक अधिवक्ता” भनी जवाफ दिए । दोस्रो सबैभन्दा लोकप्रिय प्रतिक्रिया “मलाई कुन अवसरहरू उपयुक्त छन् भनेर अझ राम्रोसँग बुझ्न मद्दत गर्न आत्म-मूल्याङ्कन उपकरणहरू” थियो जसले ४ १% सहभागीहरूलाई प्राप्त गर्‍यौं ।

**रचनात्मकता**

“मसँग मेरो वर्तमान वातावरणमा रचनात्मक विचारहरू र काम गर्ने नयाँ तरिकाहरू व्यक्त गर्न ठूलो स्वतन्त्रता छ,” भन्ने कथनसँग सहमत हुनुहुन्छ वा छैन भनी सोध्दा, ४६% या त सहमत वा दृढ रूपमा सहमत भए । यी प्रतिक्रियाहरूको उच्चतम प्रतिशत अंग्रेजी बोल्ने र रोमानियाली सहभागीहरूबाट आयो । सबैभन्दा कम प्रतिशत रूसी सहभागीहरूबाट आएका थिए, जसमध्ये ३६% असहमत वा कडा रूपमा असहमत थिए कि उनीहरूसँग उनीहरूको वर्तमान वातावरणमा ठूलो स्वतन्त्रता छ । असहमत वा कडा रूपमा असहमत हुनेहरूको सबैभन्दा कम प्रतिशत स्पेनिश बोल्ने दर्शकहरूबाट आएका थिए । हामीले फेला पारेका छौं कि १९% सहभागीहरूले तटस्थ अडान लिएका थिए ।

हामीले सोध्यौं, “कुन अवसर तपाईलाई सबैभन्दा उत्तेजक छ?” प्रतिक्रियाहरूले देखाए कि ३६% ले “केही नयाँ र अद्वितीय सिर्जना गर्ने” छनोट गरे, २९% ले टुटेको

चीज लिन र यसलाई ठीक गर्न रुचाए, १९% ले पहिले नै राम्रोसँग काम गरिरहेको चीज लिन र यसलाई अझ राम्रो बनाउने र १६% ले पहिले नै भइसकेको कुरालाई इमानदारीपूर्वक राम्रोसँग काम गर्दै व्यवस्थापन गर्न रुचाए ।

चाखलाग्दो कुरा के छ भने, कुन संस्थासँगको भूमिका वा सम्बन्धले उनीहरूलाई सहभागी हुन प्रोत्साहन गर्छ भनी सोध्दा, ५७% ले "संस्कृति परिवर्तन गर्न वा सिर्जना गर्न मसँग साझेदारी गर्न चाहने संस्था" र ४३% ले "सहभागिताका लागि धेरै प्रयोग नभएको संस्था छनोट गरे ।"

## भविष्यको मण्डली

"मण्डली मेरो पुस्तामा फरक देखिनेछ," भनाइको जवाफमा ६१% उत्तरदाताहरूले या त सहमत वा दृढ रूपमा सहमत भए । केवल १७% या त असहमत वा कडा असहमत, जबकि २२% तटस्थ अडान लिए ।

कुन कथनले उनीहरूको मण्डली वा संगठन मिलेनियल्ससँग कसरी जोडिएको छ भनेर उत्तम रूपमा वर्णन गर्दछ भनेर चयन गर्न सोध्दा, ३४% ले जवाफ दिए कि उनीहरूले उनीहरूलाई आफ्नो पुस्तामा पुग्न नयाँ पहल र स्रोतहरूको जिम्मा दिइरहेका छन्, २७% ले संकेत गरे कि तिनीहरूको मण्डलीहरू सँग जडान हुन समस्या भइरहेको थियो । अर्को पुस्ता र २१% ले प्रतिक्रिया दिनुभयो कि उनीहरूका अगुवाहरूले मिलेनियलहरूलाई सुनिरहेका थिए र उनीहरूलाई संलग्न गर्ने तरिकाहरू पत्ता लगाउन खोजिरहेका थिए ।

हामीले सर्वेक्षण सहभागीहरूलाई NextGen दर्शकहरूलाई संलग्न गराउनको लागि आदर्श मण्डलीको वर्णन गर्न आग्रह गर्यौं । सहमति थियो कि आदर्श मण्डलीले समुदाय र विविधतालाई जोड दिनेछ, अधिक दृश्यात्मक र अन्तरक्रियात्मक हुनेछ, थप चुनौतीपूर्ण र सशक्त हुनेछ, र समुदायमा अधिक सामाजिक सक्रियता र परोपकारी हुनेछ ।

## सुसमाचार

हामीलाई सुसमाचार साक्षरतामा रुचि थियो, त्यसैले हामीले सोध्यौं, "तपाईं सुसमाचारसँगको आफ्नो सम्बन्धलाई कसरी वर्णन गर्नुहुन्छ?" हामीले पत्ता लगायौं कि ५६% ले आफूलाई सुसमाचारमा साक्षर ठान्ने र तिनीहरूले यसलाई अरूलाई पर्याप्त रूपमा व्याख्या गर्न सक्छन् भनेर संकेत गरे, जबकि ३९% ले संकेत गरे कि उनीहरूले सुसमाचार राम्ररी बुझेका थिए, तर उनीहरूलाई अरूलाई व्याख्या गर्न गाह्रो भयो ।

## नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

जब उनीहरूलाई उनीहरूको समुदायमा मण्डलीका अगुवाहरूलाई सुसमाचारको सन्दर्भमा कुन सल्लाह दिन मनपर्छ भनेर सोध्दा, ४०% ले जवाफ दिए, “हामीलाई बाटो देखाउनुहोस् हाम्रो समुदायमा सुसमाचार-केन्द्रित जीवनशैलीको नमुना बनाउनुहोस्,” २४% ले जवाफ दिए, “ढोका खोल्नुहोस् हामीलाई कोही नपुगेको मानिसहरूको माझ पुग्न जे पनि गर्न आवश्यक छ, “ १९% चयन गरियो, “तात्तिनुहोस् धेरै पटक सुसमाचार प्रचार गर्नुहोस् र सिकाउनुहोस्” र बाँकी १७% ले “हामीलाई आवाज दिनुहोस् सहस्राब्दीमा पुग्न अझ प्रभावकारी तरिकाले सुसमाचारलाई सञ्चार गरौं ।”

“मेरो मण्डलीमा सुसमाचार प्रायः स्पष्ट र आकर्षक तरिकामा सञ्चार गरिन्छ,” भन्ने कथनमा प्रतिक्रिया दिन सोध्दा, ५३% या त सहमत वा दृढ रूपमा सहमत भए, २३% कि असहमत वा कडा रूपमा असहमत, र २५% तिनीहरूको प्रतिक्रियाहरूमा तटस्थ थिए । असहमत वा कडा रूपमा असहमत हुनेहरूको उच्चतम प्रतिशत मध्य पूर्व र उत्तर अफ्रिकाबाट भियतनामी र अरबी भाषी उत्तरदाताहरूबाट आएका थिए ।

**निष्कर्षहरू**

2016 NextGen Global Needs Assessment मा ग्लोबल एडभान्सले मिलेनियल्सबाट सिकेको कुरा यहाँ छः

१) विश्वव्यापी मण्डलीको नेतृत्व संस्कृतिमा नेतृत्वमा फरकता छ ।

२) प्रामाणिक, समावेशी, सापेक्ष, सशक्तिकरण र सल्लाहकारमा आधारित नेतृत्व नयाँ पुस्ता अगुवाहरूद्वारा अत्यधिक प्रशंसा गरिन्छ ।

३) नयाँ पुस्ता अगुवाहरूसँग उनीहरूको वर्तमान वातावरणमा रचनात्मक विचारहरू र चीजहरू गर्ने नयाँ तरिकाहरू व्यक्त गर्न पर्याप्त स्वतन्त्रता छैन ।

४) नयाँ पुस्ता अगुवाहरू विश्वास गर्छन् कि तिनीहरूको सबैभन्दा ठूलो नेतृत्व चुनौती तिनीहरू कहाँ लायक छन् भनेर निर्धारण गर्न आफ्नै बारेमा पर्याप्त जान्नु हो ।

५) नयाँ पुस्ता अगुवाहरूलाई उनीहरूलाई बुझ्न मद्दत गर्न, उनीहरूलाई उनीहरूको मण्डलीहरूमा संलग्न हुन मद्दत गर्न, र आत्म-मूल्याङ्कन स्रोतहरूमा

पहुँच प्रदान गर्न अधिवक्ताहरू चाहिन्छ ।

६) नयाँ पुस्ता अगुवाहरू उनीहरूको रचनात्मकता कुराहरू पेशेवरहरू र उनीहरूको साथीहरूसँग सहकार्य गर्दै अनुभवीसँग सल्लाह दिने सम्बन्ध चाहन्छन् ।

७) नयाँ पुस्ता अगुवाहरू उनीहरूको रचनात्मक आवाज सुन्न र आफ्नै पुस्तासम्म पुग्ने गरी बनाइएका मन्त्रालयहरूको जिम्मा लिन चाहन्छन् ।

८) नयाँ पुस्ता अगुवाहरू परिवर्तन र संस्कृति सिर्जना गर्न संघ सस्थाहरूसँग साझेदारी गर्न चाहन्छन्, र तिनीहरू अन्तर्राष्ट्रिय रूपमा परिचालन गर्न चाहन्छन् ।

९) भविष्यको मण्डलीले विविधता र समुदायमा बढी ध्यान केन्द्रित गर्नुपर्छ, थप चुनौतीपूर्ण र सशक्त बन्न, र थप दृश्य र अन्तरक्रियात्मक हुनुपर्छ ।

१०) नयाँ पुस्ता अगुवाहरू सुसमाचारमा साक्षर छन् र यसलाई अरूसँग सञ्चार गर्न सहज महसुस गर्छन् ।

११) हाम्रा सर्वेक्षण उत्तरदाताहरूको मण्डलीहरूमा सुसमाचार स्पष्ट र आकर्षक तरिकामा प्रचार गरिएको छ ।

१२) नयाँ पुस्ता अगुवाहरू एस्तर पहल र ग्लोबल एडभान्सको मार्केटप्लेस मिशनहरूको बारेमा थप पत्ता लगाउन सबैभन्दा इच्छुक छन् ।

**प्रतिक्रिया**

2016 मा हामीले युवा वयस्कहरूबाट सिकेका कुराहरूको प्रतिक्रियाको रूपमा अब आउने सात अध्यायहरू रचिएको छ । हामीले नयाँ पुस्ता अगुवाहरूको केही प्राथमिक चिन्ता र आवश्यकताहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्छौं, र हामी स्थापित अगुवाहरूलाई महान् आज्ञाका अगुवाहरूको नयाँ पुस्तालाई अझ राम्रोसँग बुझ्न, संलग्न गर्न र पालनपोषण गर्न मद्दत गर्न अधिवक्ताको भूमिकालाई अँगालेका छौं । कृपया प्रार्थनापूर्वक प्रत्येक सिद्धान्तलाई विचार गर्नुहोस् र प्रस्तुत गरिएका बाइबलीय विचारहरूमा प्रतिबिम्बित गर्नुहोस् । तपाईंलाई एक उद्धेश्यपूर्ण शिक्षक र नयाँ पुस्ताको आत्मिक अगुवाको बिजेताको आवरण लिनको निम्ति पवित्र आत्मालाई सिकाउन, दोषी ठहराउन, उत्प्रेरित गर्न र सशक्तिकरण दिनुहोस् ।

याद गर्नुहोस् कि ग्लोबल एडभान्सले तपाईंको लागि र परमेश्वरले तपाईंको हेरचाहमा सुम्पनुभएको युवा पुरुष र महिलाहरूको लागि प्रार्थना गरिरहेको छ । अब तपाईको बाउला पट्याउनुहोस् र तपाईको हातहरू नयाँ पुस्ता नेतृत्व विकासको रूखो माटोमा राख्नुहोस् । भविष्यको फसलको लागि तयारी गर्नुहोस् र अनन्त परिणामहरूको लागि परमेश्वरमा भरोसा राख्नुहोस् ।

# सिद्धान्त १ः सहभागीतामूलक नेतृत्व

"आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याउनेछु, र तिमीहरूका छोराहरू र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन् र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढापाकाहरू स्वप्नदर्शी हुनेछन् । हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्" । प्रेरित २ः १७, १८

"उहाँले तिनीहरूलाई भन्नुभयो" तर पवित्रआत्मा तिमीहरूमा आउनु भएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" । प्रेरित १ः८

प्रेरितको पुस्तकमा लुकाले जे वर्णन गरेका छन्, त्यो येशूले उहाँका चेलाहरूलाई उहाँको मृत्यु हुनु थोरै समय अघि र फेरी स्वर्गमा उठाइ लगिनु अघि गर्नुभएको प्रतिज्ञा पुरा हुनु हो । येशूले प्रतिज्ञा गर्नुभयो कि उहाँले चेलाहरूलाई टुहुरा झैं छोड्नुहुदैन, तर उहाँले तिनीहरूलाई संसारमा उहाँको साक्षी बन्नको लागि सशक्तिकरण गर्ने एक उपहारको रूपमा अर्को सल्लाहकार, पवित्र आत्मा पठाउनुहुनेछ ।

जब तिनीहरू पवित्र प्रतिक्षासाथ पर्खिरहेका थिए, येशूको आज्ञा पालन गर्दै, चेलाहरू प्रायः एकसाथ भेला भए र प्रार्थनामा आफूलाई समर्पित गर्थे । जसरी उहाँले प्रतिज्ञा गर्नुभएको थियो, येशू ख्रीष्टले आफ्ना अनुयायीहरूलाई पेन्तिकोसमा पवित्र आत्माले बप्तिस्मा दिनुभयो, विश्वासीहरूको समुदायमा ईश्वरीय शक्ति र अधिकार फैलाउनुभयो जुन पछि येशू ख्रीष्टको मण्डलीको रूपमा चिनिने थियो ।

यो स्पष्ट छ कि येशूले सुसमाचारलाई पवित्र आत्माद्वारा सशक्त राजदूतहरू मार्फत पृथ्वीको छेउछाउमा लैजान चाहनुभएको थियो । सुसमाचार प्रचार होस्, र हरेक राष्ट्र, सहर र समुदायमा मण्डलीहरू स्थापित होस् भन्ने उहाँको अभिप्राय थियो । यस महान कार्यलाई पूरा गर्नको लागि, संसारभरका प्रत्येक समुदायमा आत्मिक अगुवाहरू हुर्किनुपर्छ । ख्रीष्टले आत्मिक नेतृत्वलाई विशेष वा जातीय केन्द्रित बनाउन चाहनुभएन, न त उहाँले आफ्नो आत्मा केवल केही चुनिएकाहरूमा मात्र खन्याउनुभएको थियो । बरु, जसरी योएल अगमवक्ताले पहिले घोषणा गरे र प्रेरित पत्रुसले पछि पुष्टि गरे, येशूले उदारतापूर्वक राष्ट्रहरूको आशिष् र मुक्तिको लागि आफ्नो मण्डलीमा पवित्र आत्मा खन्याउनुभयो । सबै मानिसहरू "अन्तिम दिनहरूमा, परमेश्वर भन्नुहुन्छ, म मेरो आत्मा सबै मानिसहरूमा खन्याइदिनेछु ।"

पेन्तिकोसको दिनमा, जब सारा मण्डली भेला भएको थियो, स्वर्गबाट ठुलो बतासको

## नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

झोक्काझै आवाज आयो र तिनीहरू भेला भएको कोठा भरियो। आगोका जिब्रोहरू भाग-भाग भएर तिनीहरू "प्रत्येक" माथि बसे र प्रतिज्ञा गरिएको पवित्र आत्माको बप्तिस्मा लिए। लूकाले लेखेका छन् कि "तिनीहरू "सबैजना" पवित्र आत्माले भरिए,र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारण बमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे।" "प्रत्येक" र "सबैजना" ले संकेत गर्दछ कि ती मध्ये कुनै पनि छोडिएका छैनन् वा पवित्र आत्माको भरिपुरीलाई अस्वीकार गरिएको छैन। जब प्रेरित पत्रुसले आफ्नो अभिषिक्त उपदेशमा पुरानो नियमकाअगमवक्ता योएललाई उद्धृत गरे, उनले घोषणा गरे कि पवित्र आत्मा "सबै मानिसहरूमाथि" खन्याइनेछ।

लूकाको कथाबाट, हामीलाई थाहा छ कि त्यहाँ कम्तीमा पन्ध्र भाषाहरू र मानिसका समूहहरू थिए जसले त्यो दिन विश्वासीहरू माझ पवित्र आत्मा खन्याइनुभएको सुनेका र देखेका थिए। प्रत्येक वर्ष पेन्तिकोसको दिन यरूशलेममा विश्वका सबै मानिसहरू भेला हुने भएकाले पत्रुसलाई सुन्ने भीडमा सम्भवतः धेरै राष्ट्र र भाषाहरू थिए। कस्तो उत्तम समय र स्थान, मण्डलीको जन्मको लागि र परमेश्वरको लागि जसले पवित्र आत्माको शक्ति र आशिष् प्रदर्शन गर्नुभयो जो अहिले उहाँका मानिसहरूमा बास गर्नुहुन्छ।

धेरै राष्ट्रहरूमा, निश्चित व्यक्ति समूहहरू विरुद्ध भेदभाव गरिन्छ र उनीहरूलाई विभिन्न स्रोत र सामाजिक विशेषाधिकारहरूमा वञ्चित गरिन्छ। तर परमेश्वरको राज्यमा त्यस्तो छैन! एसिया माइनरमा अवस्थित एफिससको मण्डलीलाई लेख्दा, प्रेरित पावलले विश्वासीहरूलाई आश्वस्त पारेका थिए, "यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी नागरिक र परमेश्वरका परिवारका सदस्यहरू भएका छौ" एफिसी २: १९। कलस्सीको मण्डलीलाई पावलले लेखे, "यहाँ ग्रीक र यहूदी, खतनाका र बेखतनाका, अशिक्षित, असभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ।" कलस्सी ३: ११।

के तपाईको मण्डलीमा भेदभाव वा अन्य व्यक्ति समूहहरूलाई खराब प्रकारले हेरिन्छ ? के तपाईको मण्डलीमा त्यस्ता समुदाय छन् जो राष्ट्रियता वा जातको कारण स्वागत हुदैनन् ? तपाईं परमेश्वरको राज्यको मूल्यहरूमा बाँच्दै हुनुहुन्छ र राष्ट्रहरूको लागि परमेश्वरको हृदय प्रतिबिम्बित गर्दै हुनुहुन्छ भनी तपाईंले आफैलाई एक आत्मिक अगुवाको रूपमा सोध्नु पर्छ ?

तपाईंको समुदायमा अन्य मण्डलीहरू वा व्यक्ति समूहहरूसँग सम्बन्ध निर्माण

गर्न सुरु गर्न तपाईंको सजिलो क्षेत्रबाट बाहिर निस्कन परमेश्वरले तपाईंलाई चुनौती दिनुभएको हुन सक्छ। तपाईं र तपाईंको मण्डलीबाट जातीय वा सांस्कृतिक रूपमा भिन्न हुने सम्भावित अर्को पुस्ता अगुवाहरूको पहिचान, संलग्नता र पालनपोषण गर्ने बारे अझ बढी उद्धेश्यमुलक हुनको लागि परमेश्वरले तपाईंलाई निश्चित गर्नुभएको हुन सक्छ। हाम्रो प्रार्थना हो कि पवित्र आत्माले तपाइँलाई तपाइँको समुदायमा एक पुल-निर्माता बन्नको लागि शक्ति दिनुहुन्छ, "सबै मानिसहरू" लाई ख्रीष्टमा एउटै शरीरको सदस्यको रूपमा एकसाथ ल्याउनुहुन्छ।

## छोरा र छोरीहरू

"आखिरी दिनहरूमा, परमेश्वर भन्नुहुन्छ ... तिम्रा छोराछोरीहरूले अगमवाणी गर्नेछन्।"

पुरानो र नयाँ नियमहरूमा, युवाहरूलाई समाजमा ठूलो ध्यान वा हैसियत दिइएन। मानिसहरूले आफ्ना साना केटाकेटीहरूलाई येशूकहाँ ल्याएपछि उहाँले तिनीहरूमाथि हात राखेर तिनीहरूका लागि प्रार्थना गर्नुहुँदा चेलाहरू पनि चिन्तित देखिन्थे। उहाँले अरू महत्त्वपूर्ण कामहरू गर्नुपर्छ भनि विश्वास गर्दै चेलाहरूले तिनीहरूलाई हप्काए र येशूको नजिक आउनबाट रोक्न खोजे। येशूले जवाफ दिनुभयो, "बालकहरूलाई मकहाँ आउन देऊ, तिनीहरूलाई नरोक, किनभने स्वर्गको राज्यको यस्तै नै हरूको हो" मत्ती १९: १४। यसबाट, हामी एक राज्यको मूल्य सिक्छौं। सांस्कृतिक मापदण्डहरूद्वारा प्रायः कम मानिनेहरूलाई स्वर्गको राज्यमा सबैभन्दा ठूलो मानिन्छ। प्रेरित पावलले विश्वासमा छोराहरू उत्पादन गर्ने उद्देश्य राखेका थिए। तिमोथीलाई दिएको उनको अभिवादनले तिनीहरूको सम्बन्धको गुणस्तर र प्रकृति झल्काउँछ।"विश्वासमा मेरो

"मेरो मण्डली नयाँ छ, र एक रचनात्मक छ। हामी रचनामकतालाई धेरै प्रोत्साहन दिन्छौं, तर जबसम्म हामी अझै पुरानो पुस्तासँग संलग्न रहन्छौं।"

(पुरुष, उमेर १८-२५, रोमानिया)

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

साँचो छोरा तिमोथीलाई: परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह, कृपा र शान्ति मिलोस्" १ तिमोथी १:२ । पावलले तीतसको बारेमा पनि त्यस्तै महसुस गरे, अर्को युवा अगुवा जसलाई उनले आफ्नो "एउटै विश्वासमा भएका मेरो साँचो बालक" मान्थे । तीतस १:४ । प्रेरित २१ मा, लूकाले यरूशलेमको मण्डलीका सातजना मौलिक डिकनहरूमध्ये एक, सुसमाचार प्रचारक फिलिपका "चार जना अविवाहित छोरीहरू थिए जसले अगमवाणी गरे" भनि विवरण दिएका छन् । परमेश्वरले तिनीहरूलाई कैसरिया सहरमा अगमवाणीको सेवा दिनुभयो र तिनीहरूले आफ्ना बुबासँगै सेवा गरे ।

तपाईं आफ्नो मण्डलीमा वा बजार क्षेत्रमा छोराहरू र छोरीहरूका बीचमा पवित्र आत्माको काममा सहयोग गर्न कत्तिको उद्धेश्यमुलक हुनुहुन्छ ? तिनीहरूको नेतृत्व क्षमता र राज्यको प्रभावलाई तपाईं कत्तिको महत्त्व दिनुहुन्छ ? के तिनीहरूको दृष्टिकोण र विचारहरू तपाईंको लागि महत्त्वपूर्ण छन्, वा तपाईं तिनीहरूका विचारहरूलाई वेवास्ता गर्नुहुन्छ ? के थाहा, परमेश्वरले तिनीहरूलाई तिनीहरूको पुस्ताको लागि अगमवाणीको आवाज दिनुहुदैछ कि ? उनीहरूको आवाज सुन्नियोस् र उनीहरूको प्रभाव विस्तार गर्न मद्दत गर्न तपाई के गर्दै हुनुहुन्छ ? हाम्रो आशा छ कि परमेश्वरले तपाईंलाई सम्भावित अर्को पुस्ता अगुवाहरूको आध्यात्मिक आमा र बुबा बन्नको लागि बोझ दिनुहुनेछ ।

**"म मेरो वातावरणको लागि धेरै सानो छु । मेरो तर्कमा निश्चय कसैले पनि चासो नदेखाउने कारण म तर्क गर्दैन ।"**

## जवान र वृद्ध

"तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढापाकाहरू स्वप्नदर्शी हुनेछन् ।"

विश्वव्यापी समाजमा प्रायः सीमान्तकृत हुने दुई उमेर समूहहरू युवा र वृद्ध हुन् । कतिपय समाजले पुरानो पुस्तालाई सम्मान गर्छ, धेरैले गर्दैनन् । प्राय जसो मानिसहरू उमेर बढ्दै जाँदा उनीहरूले सामाजिक प्रभावमा परिवर्तन अनुभव गर्छन् । तिनीहरूको विचार, जीवन अनुभव र व्यवहारिक ज्ञान वर्तमान प्रभावको स्थितिमा रहेकाहरूले कमै खोज्न सक्छन् । उनीहरूले अब थोरै प्रभाव पार्छन् भन्ने गलत धारणालाई विश्वास गर्न थाल्छन् र आफ्नो बुद्धि र प्रतिभालाई साथमा लिएर छेउ लाग्न थाल्छन् ।

युवाहरू पनि सीमान्तकृत हुन्छन्, विशेष गरी जब नेतृत्व अवसरहरूको कुरा आउँछ । तिनीहरू आफ्नो रचनात्मकता र नवीन विचारहरूलाई बेवास्ता गरिन्छ र कसैले तिनीहरूलाई गम्भीरतापूर्वक लिने छैन भनी अक्सर महसुस गर्छन् । उनीहरू पुराना अगुवाहरूद्वारा तुच्छ ठानिन्छन् र नेतृत्व संस्कृतिबाट बाहिरिएका छन् । परिपक्व सदस्यहरूसंग जसले उसलाई गम्भीरता संग लिदैन, एक मण्डलीको नेतृत्व गर्दा तिमोथी, एक जवान पास्टरले, केहि परीक्षाहरूको अनुभव गरे । विश्वासमा आफ्नो छोरालाई पावलको बुद्धिमानी निर्देशन थियो, "जवान छौ भन्दैमा कसैले तिमीलाई तुच्छ नठानोस्, तर बोलीमा, आचरणमा, प्रेममा, विश्वासमा र शुद्धतामा विश्वासीहरूका लागि उदाहरण बन" १ तिमोथी ४: १२ ।

हाम्रा मुक्तिदाताले ख्रीष्टको शरीरमा सबै पुस्ताहरूलाई मूल्यवान राख्नुहुन्छ । यसैले उहाँले जवान र वृद्ध सबैमा पवित्र आत्मा खन्याउन रोज्नुभयो । स्थापित आत्मिक अगुवाहरूले ख्रीष्टको शरीरमा जवान र वृद्धहरूलाई परमेश्वरले उहाँको आत्माद्वारा प्रकट गरिरहनुभएको कुरा सुन्न उचित हुनेछ । परमेश्वरले तिनीहरूलाई आफ्नो मण्डलीको लागि दर्शन र सपनाहरू दिनुभएको छ । तिनीहरूको दृष्टिकोणको कदर गर्नुहोस् र तिनीहरूलाई उचित आदर देखाउनुहोस् । परमेश्वरले तिनीहरूलाई सुम्पनुभएको अगमवाणीको सत्य र अन्तर्दृष्टिहरूको राम्रो भण्डारे बन्नुहोस्, तपाईं आत्मिक अगुवाको रूपमा परमेश्वरलाई जवाफदेही हुनुहुन्छ भनेर जान्दछन् ।

## पुरुष र महिला

"म आफ्ना दासदासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन् ।"

जब येशू ख्रीष्ट आउनुभयो, उहाँले परमेश्वरको राज्यको मूल्यहरू प्रस्तुत गर्नुभयो जुन प्रायः विद्यमान संस्कृतिको विपरीत थियो । उहाँले घोषणा गर्नुभयो कि उहाँ

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

साङ्लाहरू तोड्न र बन्दीहरूलाई मुक्त गर्न आउनुभएको थियो । उहाँको शिक्षा सुन्ने महिलाहरूका लागि यो समाचार अत्यन्त स्वागतयोग्य र साँच्चै मुक्तिदायी हुने थियो । महिलाहरूसंग उहाँको अनुग्रहले भरिपूर्ण र सम्मानजनक अन्तरक्रियाको बारेमा धर्मशास्त्रमा स्पष्ट पाइन्छ ।

लूकाको सुसमाचार अनुसार, येशूले परमेश्वरको राज्यको सुसमाचार घोषणा गर्न जानुहुँदा, धेरै महिलाहरू उहाँको सेवकाई टोलीमा सामेल भए र "यिनीहरू र अरूहरूले आफ्ना धनले उहाँको सेवा गर्दथे" लूका ८:३ । यी स्रोतपूर्ण महिलाहरू येशूसँग सेवकाईमा साझेदार थिए । तिनीहरू येशू र चेलाहरूलाई सुसमाचार प्रचार गर्ने र रोगहरू निको पार्ने काममा लाग्दा आवश्यक आर्थिक उपलब्ध गराउन जिम्मेवारी थिए ।

येशूले उहाँको शिक्षा सुन्न उहाँको खुट्टामा बस्ने छनौट गरेकोमा लाजरसकी बहिनी मरियमको पनि प्रशंसा गर्नुभयो । दिदी मार्थाले मरियमले अझ 'उचित' कुरा गरेको र पर्दा पछाडि रहन रूचाइन् । येशूले मार्थाको भन्दा मरियमको प्रशंसा गर्नुभयो यद्यपि उनको कार्यहरू चलनचल्ति विपरित थियो । यो येशूले आफ्नो समयको विशेष चलनचल्तिभन्दा समावेशीताको राज्य मूल्यलाई प्राथमिकता दिनुभएको धेरै उदाहरणहरू मध्ये एक मात्र हो । पवित्र आत्माको प्रेरणामा प्रेरित पावलले घोषणा गरे, "किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ । अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष र स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ" गलाती ३:२७-२८ । एफिसीमा, पावलले मण्डलीलाई ख्रीष्टको लागि एकअर्काको अधीनमा बस्न बताउँछन् । यो शिक्षा उनीहरूको समयको संस्कृतिको कारणले लोकप्रिय वा सजिलै लागू हुने थिएन । तैपनि पावलले आत्माको प्रभावमा लेखे र उहाँको मण्डलीलाई परमेश्वरको सत्यता र अपेक्षाहरू सुनाए । तिनीहरू परमेश्वरको वचन सुन्न र पालन गर्न जिम्मेवार थिए, चाहे यसले तिनीहरूको व्यक्तिगत प्राथमिकताहरू वा तिनीहरूको समाजको चलनलाई चुनौती दियो ।

पावलले धर्मशास्त्रमा धेरै महिलाहरूलाई सुसमाचारका साझेदारहरू र साहसी विश्वासीहरूको रूपमा उल्लेख गरेका छन् जसले विश्वासको लागि आफ्नो पक्षमा लडे । पावलको प्रिय मित्र प्रिस्किला र उनको पति, अक्विला, मण्डलीसुरू गर्ने र अपोल्लोस जस्ता उच्च क्षमताका अगुवाहरूका लागि आत्मिक सल्लाहकार थिए । लिडिया

एशिया माइनरको एक प्रभावशाली सहर फिलिप्पीमा अत्यधिक सफल व्यवसायी थिइन् । आफ्नो फस्टाउँदै गरेको व्यवसायको माध्यमबाट, उनी अरूको जीवनमा प्रभाव पार्न सक्षम भइन् । परमेश्वरले लिडियालाई उनको नेतृत्व, आर्थिक स्रोत र आतिथीसत्कार मार्फत फिलिप्पीमा सम्पन्न मण्डलीसुरू गर्न मद्दत गर्नुभयो ।

ग्लोबल एडभान्सले विश्वभर धेरै सम्प्रदायका मण्डलीहरूलाई सेवा दिन्छ । केही मण्डलीहरूले विश्वास गर्छन् कि नयाँ नियमका केही अंशहरूले महिलाहरूलाई स्थानीय मण्डलीमा सिकाउन, प्रचार गर्न वा नेतृत्वको पद धारण गर्न निषेध गर्दछ । अरूले कोरिन्थी मण्डलीलाई पावलले दिएको निर्देशनहरूलाई सबै समयका सबै मण्डलीहरूको लागि निर्देशनको सट्टा पावलले त्यस समयमा मार्गदर्शन गरिरहेका विशेष मण्डलीहरूको वर्णनात्मक रूपमा हेर्छन् । यस्ता समूहले महिलाहरूलाईउनीहरूको शिक्षा र अगुवापनका वरदानहरू जस्तै पास्टरहरू, मण्डली बोर्ड सदस्यहरू, मण्डली स्थापना गर्नेहरू र सम्प्रदायिक अगुवाहरूको रूपमा प्रयोग गर्न प्रोत्साहन दिन्छ ।

तपाईंको आत्मिक नेतृत्वको लागी धर्मशास्त्रको बाबजुद तपाईंको मण्डलीमा केही नेतृत्व क्षमतामा महिलाहरूको लागि ठाउँ छ, र उनीहरूलाई मण्डलीमा र बजार क्षेत्रमा नेतृत्व गर्न प्रोत्साहन, पालनपोषण र सशक्त बनाउन आवश्यक छ । पवित्र आत्मा तिनीहरूमाथि हुनुहुन्छ, र यो उहाँको छनोट हो कि मण्डलीको सुधार र समाजको समृद्धिको लागि उहाँले तिनीहरूलाई के उपहार दिनुहुन्छ ।

के तपाईंको मण्डली वा व्यवसायले खीष्टको शरीरमा महिलाहरूको सम्बन्धमा राज्य मूल्यहरू प्रतिबिम्बित गर्दछ, वा के तपाईं आफ्नो समुदायको सांस्कृतिक मूल्यहरू प्रतिबिम्बित गर्नुहुन्छ ? सुसमाचारको काममा महिलाहरू समान योगदानकर्ता होस् र परमेश्वरले तिनीहरूलाई सुम्पनुभएको आत्मिक वरदान र प्रतिभाहरू प्रयोग गर्न उचित रूपमा सम्मान र प्रोत्साहन दिइयोस् भन्ने परमेश्वरको अभिप्राय हो । के तपाईं आत्मिक नेतृत्व भूमिकामा महिलाहरूको लागि अधिवक्ता हुनुहुन्छ ? महिलालाई नेतृत्व विकासको अवसर दिनुहुन्छ ? तपाईंको मण्डली, व्यवसाय वा समुदायमा महिलाहरूलाई सशक्तिकरण गर्ने कुरामा तपाईंको सबैभन्दा ठूलो डर के हो ? आत्मिक नेतृत्व समावेशी हुनुपर्छ । खीष्टले आफ्नो सेवकाईमा यसलाई प्रयोग गर्नुभयो । पवित्र आत्माले खीष्टको शरीरमा सबै मानिसहरूलाई शक्ति दिनुहुन्छः हरेक राष्ट्रका मानिसहरू, हाम्रा छोराछोरीहरू, जवान र वृद्ध, पुरुष र महिलाहरू । परमेश्वरले तपाईंलाई आफ्नो नेतृत्वलाई परमेश्वरको हृदयमा मिल्ने बनाउने क्षमता प्रदान गरून्, र तपाईंले प्रभावको क्षेत्रमा सम्भावित अर्को पुस्ता अगुवाहरूलाई संलग्न गर्न खोज्दा ठूलो क्षेत्रमा फैलाउन इच्छुक हुन सक्नुहुन्छ ।

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

**मनन गर्नुहोस्**

१. विगत तीन वर्षमा तपाईंले विकास गर्नुभएको अगुवाहरूलाई मनन गर्नुहोस् । यो समूह कति विविध छ ? नयाँ नेतृत्वलाई समेट्ने अवसर कहाँ छ ?

२. अगुवाको रूपमा महिलाहरूको मूल्यको सन्दर्भमा तपाईंको सांस्कृतिक मूल्य र प्राथमिकताहरू येशूको उदाहरण र हामीले यस अध्यायमा छलफल गरेका पावलका शिक्षाहरूसँग कत्तिको मिल्दो छन् ?

३. तपाईंको सेवकाईमा प्रयोग नभएका नेतृत्व क्षमता भएका केही युवा वयस्कहरू को हुन् ? तपाईं कसरी तिनीहरूको क्षमता विकास गर्न सक्नुहुन्छ ?

**प्रार्थना**

प्रभु, मेरो हृदयको चाहना एक अगुवाको रूपमा समावेशी बन्ने छ जसरी तपाईंको पुत्रले यस पृथ्वीमा हिंड्दा हुनुभयो । येशू ख्रीष्टको उज्यालोमा अरूलाई उहाँको आत्मिक यात्रामा र जवान र वृद्ध, पुरुष र महिला, छोरा र छोरीहरूप्रति आदर देखाउँदै, मलाई त्यही अनुग्रह र स्वीकृति देखाउन मद्दत गर्नुहोस् । मलाई सांस्कृतिक मान्यताहरू र साथीहरूको दबाबलाई आत्मिक नेतृत्वमा महिला, वृद्ध र युवा वयस्कहरूको भूमिकाको सन्दर्भमा राज्यका मूल्यहरू बाहिर नजान मद्दत गर्नुहोस् । तपाईंलाई पछ्याउँदै म मेरो नेतृत्व नमुना गर्छु र यसमा तपाईं खुसी हुनुहुन्छ भन्ने बुझ्केर मभन्दा भिन्न भएका अरूलाई समावेश गर्न र लगानी गर्ने अनुग्रह दिनुहोस् । म यी सबै कुराहरू येशू ख्रीष्टको नाममा माग्छु । आमेन् ।

**कार्य चरणहरू र समय रेखाहरू**

तपाईंले आफ्नो मण्डलीमा अन्य सम्भावित अगुवाहरूलाई समावेश गर्न सक्ने तरिकाहरू विचार गर्न केही क्षणहरू लिनुहोस् । तपाईंको नेतृत्व टोलीमा अधिक विविधता तिर जान मद्दत गर्न केहि आधारभूत समयरेखाहरू सेट गर्नुहोस् ।

| आवश्यक कार्य | समय रेखा |
|---|---|
| | |
| | |
| | |

# सिद्धान्त २ः उद्देश्यसहित नेतृत्व

उहाँले तिनीहरूलाई भन्नुभयो, “मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु।” मत्ती ४: १९

त्यसपछि येशू डाँडामा उक्लनुभयो, र उहाँले चाहनुभएको जतिलाई बोलाउनुभयो, र तिनीहरू उहाँकहाँ आए। आफूसँग रहन र प्रचार गर्न पठाउनलाई उहाँले बाह्र जनालाई नियुक्त गर्नुभयो, र तिनीहरूलाई भूतहरू निकाल्ने अधिकार पनि दिनुभयो। मर्कुस ३: १३- १५

येशू एक उद्धेश्यमुलक अगुवा हुनुहुन्थ्यो। उहाँले सबै कुरा उद्धेश्यसहित गर्नुभयो। उहाँको चेलाहरूको छनोट जथाभावी वा सहज थिएन। आफ्नो टोलीमा कसलाई राख्ने र तिनीहरूलाई विश्व-परिवर्तन गर्ने अगुवाहरू बन्न मद्दत गर्न के गर्नुपर्छ भन्ने कुरा उहाँलाई थाहा थियो। उहाँको रणनीति सरल र अत्यन्त सफल थियो।

उहाँलाई पछ्याउने निमन्त्रणा दिदाँ नै हुनुपर्ने नतिजा भनिएको थियो। मकहाँ आउ। म तिमीलाई नयाँ प्रकारको मछुवा बनाउनेछु। बाह्र चेला मध्ये एक जनाले मात्र यो अपेक्षा पूरा गर्न सकेन। बाँकी अन्ततः साहसी, रूपान्तरणकारी अगुवाहरू बने जुन उहाँले तिनीहरूलाई बन्न तयार गर्नुभयो, किनभने येशू उद्धेश्यसहित हुनुहुन्थ्यो। येशूले आफ्नो नेतृत्व विकास रणनीतिमा चालेका कदमहरू के थिए त ?

१) पछ्याउन योग्य उदाहरण बन्नुहोस्

“उहाँसँग रहून् भनेर उहाँले बाह्र जनालाई नियुक्त गर्नुभयो।”

येशूले उहाँका चेलाहरू नजिक र व्यक्तिगत भएको चाहनुहुन्थ्यो। उहाँ आत्मिक नेतृत्वको एक उत्तम उदाहरण बन्नुभयो र उहाँले बोलाउनुहुनेहरूसँग निकटतामा परीक्षित जीवन बिताउनुभयो। उहाँले आत्मिक नेतृत्वको उत्तम उदाहरण प्रदान गर्नुभए जसै तिनीहरूले उहाँलाई तीन वर्षको लगभग हरेक समय देख्ने मौका पाए।

आफ्नो मृत्यु हुनुभन्दा केही समयअघि येशूले आफ्ना चेलाहरूको खुट्टा धुनहुँदा उहाँ उद्धेश्यसहित हुनुहुन्थ्यो। उहाँले सेवक नेतृत्वको स्थायी उदाहरण छोड्ने अवसरको

सदुपयोग गर्नुभयो । जब उहाँले यो नीच कार्य पूरा गर्नुभयो जुनव्यवहारिक आवश्यकताद्वारा (उनीहरूको खुट्टा फोहोर थियो र धुनु आवश्यक थियो) र उहाँका चेलाहरूप्रति उहाँको अटल प्रेम प्रदर्शन गर्ने इच्छाबाट प्रेरित भएर, उहाँले तिनीहरूलाई उहाँको उदाहरण पछ्याउँदा तिनीहरू आशिष् पाउनेछन् भनी बताउनुभयो ।

येशूले यो पनि प्रकट गर्नुभयो कि उहाँले आफ्नो पार्थिव सेवकाईमा आफ्नो पिताको उदाहरण पछ्याउनुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो कि उहाँले आफ्नो पिताले गरेको देख्नुभयो । उहाँले तिनीहरूलाई पिताले सधैं काम गरिरहनु भएको छ, र उहाँ आफ्नो पिताको काम पूरा गर्न आउनुभयो भन्ने तथ्यलाई बुझाउनुभयो । हाम्रो स्वर्गीय पिता त्यो उदाहरण हुनुहुन्थ्यो जसलाई येशूले आफ्नो पार्थिव जीवनमा पूर्ण आज्ञाकारितामा पछ्याउनुभयो, र सबै विश्वासीहरूको लागि येशू उदाहरण हुनुभयो, जो त्यही आज्ञाकारितामा हिँड्न चाहन्छन् । येशूले हामीलाई दिनुभएका कामहरू हामीले पूरा गर्नुपर्छ, र हामीले हाम्रो विश्वासको लेखक र सिद्धकर्ता येशूमा आफ्नो नजर राखेर, र उहाँको पाइलामा हिँडेर त्यो पूरा गर्छौं ।

"मेरो अनुसरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुसरण गर्दछु ।" १ कोरिन्थी ११:१

प्रेरित पावलले पनि पछ्याउन योग्यको उदाहरणिय जीवन बिताए । साँचो नम्रतामा, जसरी उहाँले ख्रीष्टलाई पछ्याउनुभयो त्यसरी नै उहाँले कोरिन्थको मण्डलीका विश्वासीहरूलाई उहाँको उदाहरण पछ्याउन आग्रह गर्न सक्षम हुनुभयो । थोरै आत्मिक अगुवाहरूले यस प्रकारले भन्न योग्य महसुस गर्नेछन्; यद्यपि, यो हामीले अर्को पुस्ता अगुवाहरूलाई भन्नु पर्ने कुरा हो । हामी सबै असिद्ध भाँडाहरू, माटोका भाँडाहरू हौं, तर परमेश्वरको अनुग्रह र पवित्र आत्माको सशक्तिकरणद्वारा, हामीले येशू ख्रीष्टको उदाहरणलाई पछ्याउँदै आत्मिक नेतृत्व र साँचो शिष्यताको उचित उदाहरण स्थापित गर्न सक्छौं ।

नयाँ पुस्ता अगुवाहरूलाई ख्रीष्टको जस्तो उदाहरणहरू सख्त रूपमा चाहिन्छ । तिनीहरू पूर्णता खोजिरहेका छैनन्, तर तिनीहरू प्रामाणिक, विनम्र, आत्माले भरिपूर्ण नेतृत्वको खोजी गरिरहेका छन्, जुन नजिक र व्यक्तिगत रूपमा प्रस्तुत गरिएको छ ।

## २) तपाईंको समय दिनुहोस्

जब येशूले आफ्नो सेवकाई सुरु गर्नुभयो, उहाँले तुरुन्तै विभिन्न पृष्ठभूमि र पेशाहरूबाट बाह्र जना मानिसहरूलाई उहाँको चेला हुन छान्नुभयो । पूर्ण-समय सुसमाचार प्रचार गर्न, बिरामीहरूलाई निको पार्न, भूतहरू निकाल्न र यी मानिसहरूलाई परिपक्व आत्मिक अगुवाहरूमा विकास गर्नमा ध्यान केन्द्रित गर्न उहाँले सिकर्मीको रूपमा आफ्नो काम छोड्नुभयो ।

अर्को तीन वर्षसम्म, यी अगुवा-प्रशिक्षणहरू येशूसँगै बसे र उहाँ जहाँ गए पनि उहाँलाई पछ्याए । यो उहाँको अभिप्राय थियो कि तिनीहरू उहाँसँग रहन्छन्, र उहाँको दैनिक तालिकामा उच्च प्राथमिकता राख्छन् । उहाँका अन्य नेतृत्व जिम्मेवारीहरूको अतिरिक्त, उहाँले पत्रुस, याकुब र यूहन्नासँग विशेष समय छुट्याउनुभयो ।

बाह्र चेलाहरूसँग आफ्नो समय र उपलब्धतालाई ठीकसँग भण्डारण गर्नको लागि येशूले प्रायउदेकको सेवकाई अवसरहरू र प्रचारबाट पछि हट्नुभयो । त्यहाँ सधैं गर्न सकिने र भीड माझ भन्न सकिने अझ धेरै थियो । कहिलेकाहीं त्यहाँ मानिसहरू थिए जो आफ्नो आत्मिक र शारीरिक आवश्यकताहरू पूरा नगरी फर्के । यहाँ येशू असंवेदनशील वा स्वार्थी हुनुहुन्नथ्यो, बरु उहाँले सेवकाईमा उचित सन्तुलनको उदाहरणप्रस्तुत गर्दै हुनुहुन्थ्यो र अगुवाको लागि उचित स्वास्थ्य, आत्मिक वृद्धि, र लामो दूरीमा सेवकाई फलदायीता कायम राख्न आत्मिक र शारीरिक पुनःपूर्तिको महत्त्वलाई जोड दिनुभएको थियो । येशूले समय, ऊर्जा, सम्बन्ध र प्रभावको रणनीतिक भण्डारेको सन्दर्भमा सबै पुस्ताका अगुवाहरूको लागि उदाहरण बसाल्नुभयो । उहाँले स्वास्थ सीमाहरू राख्न सक्षम हुनुहुन्थ्यो र मानिसहरूको अपेक्षाद्वारा आफ्नो कार्यसुची तयार गर्न अनुमति दिनुभएन । तपाईंको नेतृत्वमा नयाँ पुस्ता अगुवाहरूको पहुँच हुन आवश्यक छ, र त्यो तब मात्र हुन्छ यदि तपाईंले आफ्नो समयलाई राम्ररी व्यवस्थापन गर्नुहुन्छ ।

## ३) आफ्नो आन्तरिक सम्बन्ध विस्तार गर्नुहोस्

यद्यपि येशूसँग तीन चेलाहरूको आन्तरिक सम्बन्ध र बाह्रजनाको घनिष्ठ सम्बन्ध थियो, उहाँले अझै पनि आफ्नो जीवनमा अनुयायीहरूको ठूलो आन्तरिक सम्बन्धको लागि स्थान दिनुभयो, उहाँले तालिम दिनुभयो, पठाउनुभयो र तिनीहरू सेवाबाट फर्किंदा तिनीहरूको सेवाकोजाचँ गर्नुभयो । यस टोलीको संख्या या त सत्तरी वा बहत्तर थियो यो तपाईंले कुन सुसमाचार पढ्नुभयो त्यसमा निर्भर गर्दछ । जे भए पनि, सिद्धान्त एउटै छ । येशूले कहिलेकाहीं आफूलाई समर्पित अनुयायीहरू र सम्भावित भविष्यका अगुवाहरूको ठूलो समूहको लागि उपलब्ध गराउनको लागि

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

आफ्नो आन्तरिक सम्बन्ध विस्तार गर्नुभयो ।

सायद तपाईंसँग तपाईंले उत्साह दिइरहनुभएको आत्मिक अगुवाहरूको सानो आन्तरिक सम्बन्ध छ । तपाईंसँग दस देखि बाह्र अगुवाहरूको घनिष्ठ सम्बन्धपनि हुन सक्छ जसको तपाईंको नेतृत्वमा पहुँच छ । नयाँ नयाँ पुस्ता अगुवाहरू तपाईंको नेतृत्वमा प्रवेश गरून् भनेर तपाईंले समय-समयमा आफ्नो आन्तरिक सम्बन्ध विस्तार गर्न म तपाईलाई प्रोत्साहन गर्न चाहन्छु । तिनीहरूलाई तपाईंको नेतृत्वबाट सिक्ने रणनीतिक अवसरहरू दिनुहोस् र प्रश्नहरू सोध्ने अनुमति दिनुहोस् । उनीहरूको आफ्नो विश्वास र रचनात्मकता फैलाउन तपाईले अर्थपूर्ण सेवकाई कार्यहरू प्रदान गर्नुहोस् । स्वस्थ नेतृत्व समुहहरूले कसरी काम गर्ने भनेर बुझ्न नेतृत्व अगुवाहरू बीच र पुरानाअगुवाहरूकोबैठकहरूमा कहिलेकाहीं तिनीहरूमध्ये एक वा दुईलाई निमन्त्रणा गर्नुहोस् । उनीहरूलाई प्रश्नहरू सोध्ने वा आफ्ना अवलोकनहरू साझा गर्ने मौका दिन बैठक पछि केही मिनेटहरू खर्च गर्नुहोस् । युवा अगुवाहरूको एउटा सानो समूहलाई सम्मेलनहरूमा लैजानुहोस्, वा तिनीहरूलाई गहिरो तरिकामा पितासँग जोड्नको लागि आत्मिक भेटघाटमा लैजानुहोस् ।

आफ्नो आन्तरिक सम्बन्ध विस्तार गर्नको लागि तपाईंले आफ्नो अवस्थित तालिकामा नयाँ समय र ठाउँ सिर्जना गर्न आवश्यक छैन । तपाईंसँग पहिले नै भएका बैठकहरू र प्रतिबद्धताहरू प्रयोग गर्ने तरिकाहरूको बारेमा मात्र सोच्नुहोस् र तिनीहरूलाई आमन्त्रित गर्नुहोस् । यी अवसरहरूले तिनीहरूको लागि ठूलो सम्झौता गर्नेछ, र तिनीहरूलाई तपाईंको नेतृत्वबाट बहुमूल्य पाठहरू सिक्न मद्दत गर्नेछ । तपाईंले बुझ्न सक्नुहुन्छ कि त्यस्ता क्षणहरू तपाईंको हप्ताको मुख्य आकर्षण बन्छन् ।

यद्यपि तपाईको आत्मिक लगानीको बहुमत तपाईको आन्तरिक सम्बन्धमा हुनेछ, कहिलेकाहीँ तपाईको आन्तरिक सम्बन्ध विस्तार गरेर येशूको उदाहरण पछ्याउनु राम्रो हुन्छ । येशूले पठाउनुभएको सत्तरी भन्दा बढी चेलाहरूले अचम्मको सेवकाईको अनुभव गर्न पाए, र तिनीहरूले येशूले तिनीहरूलाई सुम्पनुभएको काम पूरा गर्दा तिनीहरूद्वारा परमेश्वरले गर्नुभएको काम देखे । यो ठूलो समूहमा उहाँको लगानीले महत्त्वपूर्ण राज्य परिणामहरू ल्यायो । तपाईंले थप अर्को पुस्ता अगुवाहरूमा तपाईंको लगानीले समान नतिजाहरू ल्याउँछ भन्ने बुझ्न सक्नुहुन्छ ।

अहिले पनि, परमेश्वरले तपाईलाई तपाईको आन्तरिक सम्बन्ध विस्तार गर्नको लागी उत्साहदिदैं हुनुहुन्छ। उहाँले तपाईलाई कहिलेकाहीं नेतृत्व विकास अवसरहरूमा अर्को पुस्ता अगुवाहरूलाई कसरी संलग्न गर्ने भन्ने बारे एक वा दुई विचार दिइरहनु भएको हुन सक्छ। मार्गदर्शनको लागि प्रार्थना गर्नुहोस्, राम्रोसँग योजना बनाउनुहोस् र अनुसरण गर्नुहोस्। तपाईंले नयाँ अगुवाहरूमा बनाउनु भएको सापेक्ष लगानी र आत्मिक निक्षेपहरूमा यो मूल्यवान हुनेछ।

## ४) नेतृत्व विकास स्रोतहरू जम्मा गर्नुहोस्

आत्मिक नेतृत्व विकासको एक आवश्यक भाग आर्थिक स्रोतहरू जम्मा गर्नु हो। विरलै चर्चा भए तापनि, येशूको आर्थिक सहयोगीहरूको एउटा टोली थियोजसले उहाँसँग यात्रा गरे र उहाँका आवश्यकताहरू, साथै उहाँका चेलाहरूको आवश्यकताहरू पूरा गरे (लूका ८: १-३)। यी आर्थिक स्रोतहरूको उद्देश्य येशू र बाह्र उदयमान अगुवाहरूलाई आफ्नो पूर्ण क्षमता र शक्तिले सेवकाईमा र नेतृत्व विकासमा समर्पित गर्न अनुमति दिनुथियो। यो परमेश्वरको राज्यको काममा उनीहरूको योगदान गर्ने तरिका थियो। यो स्पष्ट छैन कि येशूले यी आर्थिक साझेदारहरूलाई यसरी सेवा गर्न भन्नुभयो, वा तिनीहरूले आर्थिक सहयोगको यो महत्त्वपूर्ण कार्य गर्न पवित्र आत्माको अगुवाई थियो। तथापि, यो स्पष्ट छ कि स्रोतहरू भएकाले येशूलाई नेतृत्व विकासमा ध्यान केन्द्रित गर्न मद्धत गर्यो।

यो साँचो हो कि धेरै अगुवाहरू यस्तो समुदायमा बस्छन् जहाँ आर्थिक स्रोतहरू एकदम सीमित छन्; जे होस्, हामी सबैसँग अगाडिको योजना बनाउने, दृष्टि स्पष्ट रूपमा सञ्चार गर्ने, परमेश्वरका जनहरूलाई आर्थिक प्रतिबद्धताहरू गर्न, प्रशस्त प्रबन्धको लागि परमेश्वरमा भरोसा गर्ने, र आत्मिक नेतृत्व विकासको लागि स्रोतहरू सिर्जना गर्न सेवकाई आर्थिकलाई प्राथमिकता दिने क्षमता छ। आत्मिक नेतृत्व विकासको आवश्यकताले तपाईंको समुदायका केही चर्चहरूलाई तिनीहरूको राज्य स्रोतहरू जम्मा गर्न प्रोत्साहित गर्न सक्छ ताकि तिनीहरूले छुट्टै गर्न नसक्ने कुराहरू सँगै पूरा गर्न सकून्। यस प्रकारको सहयोगी प्रयासले ख्रीष्टको शरीरलाई प्रोत्साहन दिन्छ र यो परमेश्वरले प्रदान गर्नुभएको कार्य पूरा गर्न मद्दत गर्दछ।

## ५) महान नेतृत्वको नमुना बन्नुहोस्

येशू उत्कृष्ट नेतृत्वको नमूना बन्नुभयो। यो वास्तवमा चेलाहरूलाई उहाँसँग रहन र तीन वर्षसम्म उहाँलाई पछ्याउन अनुमति दिने बिन्दु थियो। उहाँ आफ्नो नेतृत्वलाई महत्त्वपूर्ण रूपमा प्रभाव पार्न र तिनीहरूलाई सूचित गर्न चाहनुहुन्थ्यो। येशूले सिकाउनुहुने कुराको नमुना देख्ने चेलाहरूले धेरै अवसर पाए। तिनीहरूले देखे कि उहाँले मानिसहरूलाई कस्तो व्यवहार गर्नुभयो, उहाँले के प्राथमिकता

दिनुभयो, उहाँले खानाको लागि कसरी धन्यवाद दिनुभयो, जब उहाँले व्यस्त सेवकाई तालिकाबाट पछि हटेर आफ्नो पितासँग समय बिताउन रोज्नुभयो, र अरू कसैले नचाहेका मानिसहरूलाई उहाँले कसरी आफ्नो प्रेम देखाउनुभयो। येशूले नम्रता मार्फत महानता, सेवा मार्फत प्रेम, पीडा र सतावट मार्फत धैर्य, र क्षमा र अनुग्रहको नमूना देखाउनुभयो।

तपाईंको मण्डली वा व्यवसायमा नयाँ पुस्ता अगुवाहरूलाई पछ्याउन महान अगुवाहरू चाहिन्छ। तपाईं उत्कृष्ट नेतृत्वको नमूना बन्नु जरूरी छ र तिनीहरूको नेतृत्व हेरबिचार गर्न तपाईले तिनीहरूलाईमद्दत गर्नुपर्छ। फेरि, महानताको अर्थ पूर्णता होइन, बरु ख्रीष्टसमानता र उत्कृष्टता हो। के तपाईं सम्भावित नयाँ पुस्ताअगुवाहरूको लागि उत्कृष्ट नेतृत्व नमुना बन्दै हुनुहुन्छ ?

**६) एक स्वस्थ नेतृत्व संस्कृति हुर्काउनुहोस्**

येशूले विभिन्न सामाजिक-आर्थिक पृष्ठभूमि, धार्मिक विश्वास र पेशाहरूबाट पुरुषहरू छान्नुभयो। उहाँले तिनीहरूलाई तिनीहरूका सबै असिद्धताहरू, पूर्वाग्रहहरू र शङ्काहरूसहित स्वयम हुन दिनुभयो। उनीहरूलाई पापी बन्न स्वतन्त्रता थियो जसलाई बिना शर्त माया गरिएको थियो यद्यपि उनीहरूले आपसमा बहस गरे, एकआपसमा झगडा गरे र पहिलो र सबैभन्दा महत्त्वपूर्ण हुने प्रयास गरे। यद्यपि येशूले तिनीहरूलाई साहसी भई सुसमाचारलाई पृथ्वीको अन्तसम्म पुऱ्याउने साहसीहरूमा रूपान्तरण गरिरहनुभएको थियो, उहाँले बुझ्नुभयो कि आत्मिक स्थापना भनेको सिक्ने र परिपक्व हुने प्रक्रिया हो जुन कहिलेकाहीं गडबड र ढिलो हुन सक्छ। उहाँले नमिल्दो बाहिरी कोण भित्र हीराहरू र आत्मिक अपरिपक्वता पछाडि लुकेको ठूलो नेतृत्व क्षमता देख्नुभयो।

येशूले स्थापना गर्नुभएको नेतृत्व संस्कृतिका केही तत्वहरू के थिए ? पहिलो, यी प्रत्येक अगुवालाई थाहा थियो कि उनी छानिएका थिए। येशूले उद्धेश्यसहित प्रत्येक व्यक्तिलाई खोज्नुभयो र व्यक्तिगत रूपमा उनलाई आफ्नो टोलीमा हुन आमन्त्रित गर्नुभयो। उनीहरूलाई थाहा थियो कि तिनीहरू समावेश भएका छन्। दोस्रो, येशूले सधैं प्रेममा सत्य बोल्नुभयो। पत्रुस र अन्य चेलाहरूलाई येशूको नेतृत्वको यो तत्व राम्ररी थाहा थियो। तेस्रो, येशूले व्यक्तिगत नम्रता र कम स्थान लिन इच्छुकताद्वारा चिन्हित सेवक नेतृत्वको संस्कृति सिर्जना गर्नुभयो। चौथो, येशूले

बिरामी र गरिबहरूको सेवा गर्ने, कर सङ्कलन गर्नेहरू र वेश्याहरूसँग समय बिताउने, र खाँचोमा परेकाहरूप्रति उदारता र करुणाको नमुना बनाउनेनेतृत्व संस्कृति सिर्जना गर्नुभयो । अनुग्रह र क्षमा द्वारा उहाँको नेतृत्वचिन्हित थियो ।

### ७) सिक्न र अभ्यास गर्न अर्थपूर्ण अवसरहरू सिर्जना गर्नुहोस्

येशूले अवलोकन र आधिकारिक शिक्षण मार्फत आफ्ना चेलाहरूलाई तिनीहरूले के अभ्यास गर्ने भनी धेरै अवसरहरू दिनुभयो । दुई प्रख्यात उदाहरणहरू छन् जब उहाँले बाह्र जना चेलाहरूलाई सुसमाचार प्रचार गर्न, बिरामीहरूलाई निको पार्न र भूतहरू निकाल्नको लागि पठाउनुभयो । उहाँले चेलाहरूको अझ ठूलो समूहलाई जाने र त्यसै गर्न आदेश दिनुभयो । येशूले आफ्ना चेलाहरूबाट ठूलो कुराको अपेक्षा गर्नुभयो । उहाँले तिनीहरूलाई झोला बिना, रूपैयाँ बिना र कुनै बस्ने ठाउँ बिना मिशन यात्रामा पठाउनुभयो । तिनीहरू सुसमाचार र एक जोर लुगा लिएर सेवामा लागे । तैपनि तिनीहरू दुवै कार्यबाट रमाईलो गर्दै, परमेश्वरले तिनीहरूलाई बलियो रूपमा प्रयोग गर्नुभएको र येशूले सेवकाईको जिम्मा नलिइकन तिनीहरूलाई एउटा महत्त्वपूर्ण कार्य गर्न सुम्पिएकोमा उत्साहित हुँदै घर फर्के । उहाँले तिनीहरूलाई बस्नको लागि ठाउँ पत्ता लगाउन, प्रचार गर्न र सिकाउने ठाउँहरू फेला पार्न, र आशाको खाँचोमा परेका मानिसहरूलाई संलग्न गराउन साहस र सृजनशीलतामा विश्वास गर्नुभयो । येशू एक मौन अवलोकनकर्ताको रूपमा जान सक्नुहुन्थ्यो, तर तिनीहरूले आफ्नो आत्मविश्वास बढाउने र मानिसहरूको जीवनमा अनन्त परिवर्तन ल्याउने तरिकामा तिनीहरूले सिकेका कुराहरूलाई लागू गर्न सिकेको उहाँ चाहनुहुन्थ्यो । जब तिनीहरू घर फर्किए र परमेश्रले तिनीहरूद्वारा के गर्नुभएको थियो भनी येशूलाई बताए, येशूले तिनीहरूलाई बसाउनुभएन र तिनीहरूले कसरी अझ राम्रो गर्न सक्थे भनेर तुरुन्तै बताउनुभयो । उहाँले तिनीहरूसँग रमाइलो र उत्सव मनाउनु भयो । उहाँ तिनीहरूको सफलतामा खुसी हुनुहुन्थ्यो । वास्तवमा, उहाँ भविष्यको विश्वव्यापी मिसनको लागि तिनीहरूलाई अग्रिम तयार गर्न यी उद्धेश्यमुलक प्रशिक्षण अभ्यासहरूमा निर्भर हुनुहुन्थ्यो ।

तपाईंसँग पनि, तपाईंको मण्डली वा संगठनमा नयाँ पुस्ता अगुवाहरूका लागि उनीहरूले तपाईंको नेतृत्वबाट सिकेका कुराहरू अभ्यास र सुदृढ पार्न अर्थपूर्ण अवसरहरू सिर्जना गर्ने क्षमता छ । यद्यपि, यो वास्तविकता हुनको लागि, यो पुस्तक पढ्ने केही अगुवाहरूले केही महत्त्वपूर्ण समायोजन गर्न आवश्यक छ । पहिले, तपाईंले आफ्नो नयाँ पुस्ता अगुवाहरूलाई विश्वास गर्न सिक्नुपर्छ । विश्वास गर्नुहोस् कि उनीहरूले तपाईको कुरा सुनिरहेका छन् र तपाईको नेतृत्वलाई तिनीहरू देखिने भन्दा बढी अवलोकन गर्दैछन् । विश्वास गर्नुहोस् जब उनीहरूको

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

नेतृत्वलाई माथि उठाउने अवसर दिइन्छ, तिनीहरू यस अवसरमा उठ्नेछन् ।

दोस्रो, तपाईंले तिनीहरूको अचम्मका कामहरू गर्न सक्ने क्षमतामा विश्वास गर्नुहुन्छ भनी तपाईंले देखाउनुपर्छ । तपाईंसँग कुराकानी गर्दा तपाईंको शब्दहरू र शरीरको हाउभाउले के सञ्चार गर्छ ? तेस्रो, तपाईंले तिनीहरूको विश्वास फैलाउन आवश्यक छर उनीहरूको कल्पनालाई प्रोत्साहन दिनुहोस् । तिनीहरूलाई सम्बोधन गर्न महत्त्वपूर्ण समस्याहरू दिनुहोस् । तिनीहरूलाई सूक्ष्म-व्यवस्थापन वा तपाईंबाट अनावश्यक हस्तक्षेप बिना समाधानहरू पत्ता लगाउन र पहलहरू प्रयास गर्ने अनुमति दिनुहोस् । तिनीहरूको जीवनमा पवित्र आत्माको गतिविधि र निर्देशनमा भरोसा राख्नुहोस् र तिनीहरूलाई विश्वास गर्नुहोस् । तिनीहरूले अनुग्रह भरिएको नेतृत्व सिक्न र अभ्यास गर्न आवश्यक छ । तपाईंलाई थाहा छैन कि नयाँ पुस्ता अगुवाहरू के सक्षम छन् जबसम्म तपाईंले उनीहरूलाई महत्त्वपूर्ण सेवकाई वा व्यापार परियोजनाहरूमा संलग्न हुने र उनीहरूको प्रभाव लागू गर्ने अवसरहरू दिनुहुन्न ।

**मनन गर्नुहोस्**

१) तपाईंको मण्डली वा व्यवसायमा रहेकाहरूले यसको नेतृत्वको कसरी वर्णन गर्नेछन् ? के तिनीहरूले यसलाई अनुग्रहले भरिएको, क्षमाशील, प्रामाणिक रूपमा वर्णन गर्नेछन्, वा कसैले यसलाई प्रदर्शन, डर, वा नियन्त्रणको रूपमा वर्णन गर्नेछन् ?

२) तपाईंको हातमा पहिल्यै रहेका नेतृत्व विकासका सम्भावित स्रोतहरू के हुन् ? नयाँ पुस्तानेतृत्व विकास स्रोतहरू जम्मा गर्न तपाईंसँग साझेदार हुन अन्य कुन सेवकाई वा व्यवसायहरू तपाईंले सम्पर्क गर्न सक्नुहुन्छ ?नयाँ पुस्तानेतृत्व विकास पहलमा दीर्घकालीन रणनीति र आर्थिक लगानीको विकास गर्न तपाईंले आफ्नो मण्डली वा व्यवसायलाई कसरी नेतृत्व गर्न सक्नुहुन्छ ?

३) नयाँ पुस्ता अगुवाहरू समावेश गर्न आफ्नो आन्तरिक सम्बन्ध विस्तार गर्न तपाईंले सिर्जना गर्न सक्ने तीन सम्भावित अवसरहरू के हुन् ? आफ्नो विचार लेख्न र सुरु गर्न आवश्यक कार्य चरणहरू र समय रेखाहरू प्रयोग गर्नुहोस् ।

**प्रार्थना**

येशू, प्रभु र स्वामी, एक उद्धेश्यसहित अगुवा हुनु भएकोमा तपाईलाई धन्यवाद छ । तपाईंले आफ्नो आन्तरिक सम्बन्धमा सामेल हुन चयन गर्नुभएकोमा तपाईं उद्देश्यपूर्ण हुनुहुन्थ्यो । तैपनि अन्य आत्मिक अगुवाहरूको विकास गर्न र महत्त्वपूर्ण कार्यहरू पूरा गर्न तपाईंसँग समय थियो । नेतृत्वको तपाईंको उदाहरण पछ्याउन मलाई मद्दत गर्नुहोस् । मेरो जीवनलाई मेरो घर, समुदाय र कार्यस्थलमा उत्कृष्ट आत्मिक नेतृत्वको ईश्वरीय उदाहरण स्थापित गर्न मद्दत गर्नुहोस् । मलाई पवित्र आत्माको नेतृत्वमा बुझ्फाउन बुद्धि दिनुहोस् किनकि हामी मिलेर हाम्रोमण्डलीमा वा व्यवसायमा नेतृत्व संस्कृति सिर्जना गर्छौं जुन स्वस्थ, अनुग्रह र क्षमाले भरिएको छ, र ल्भहतन्भल अगुवाहरूको विकासमा केन्द्रित छ । तपाईंको अनन्त उद्देश्यहरूको लागि तिनीहरूलाई लाभ उठाउनको लागि मलाई मेरो समय र नेतृत्वको राम्रो भण्डारे बन्न मद्दत गर्नुहोस् । म यो प्रार्थना गर्दछु, प्रभु येशू, तपाईंको नाउँमा । आमेन् ।

| आवश्यक कार्य | समय रेखा |
|---|---|
| | |
| | |
| | |

# सिद्धान्त ३:
# सम्बन्धगत नेतृत्व

**अथितीसत्कार अभ्यास गर्नुहोस्**

येशूले तिनलाई भन्नुभयो, "स्यालका दुला र आकाशका चराचुरुङ्गीहरूका गुँड हुन्छन्, तर मानिसको पुत्रको लागी त शिर ढल्काउने ठाउँ पनि छैन" मत्ती ८:२० ।

घर नभएको खण्डमा अतिथीसत्कार गर्न गाह्रो देखिन्छ । जे होस्, हामीले आफ्नो घरमा पाहुनाहरूको मनोरन्जन गर्नुभन्दा व्यापक अर्थमा आतिथिसत्कारलाई हेर्नुपर्दछ । हेनरी नाउवेनले अतिथिसत्कारलाई यसरी वर्णन गर्छन्, "मुख्य रूपमा खाली ठाउँको सृजना, जहाँ अपरिचित व्यक्ति प्रवेश गर्न र शत्रुको सट्टा मित्र बन्न सक्छ । आतिथिसत्कार मानिसहरूलाई परिवर्तन गर्नु होइन, तर उनीहरूलाई ठाउँ प्रदान गर्नु हो जहाँ परिवर्तन हुन सक्छ । यो पुरुष र महिलाहरूलाई हाम्रो पक्षमा ल्याउन होइन, तर विभाजन रेखाहरूद्वारा विचलित नगरी स्वतन्त्रता प्रदान गर्न हो" (नौवेन 1986) ।

जब येशूले निकोदेमसको अथिति सत्कार गर्नुभयो, जसले अन्धकारको आवरणमा डरले उहाँलाई खोजेका थिए, उहाँले सुसमाचारको लागी पवित्र ठाउँ सृष्टि गर्नुभयो । जब येशूले आफ्ना चेलाहरूलाई आत्मिक उर्जाको लागि टाढा

आत्मिक अगुवाको सबैभन्दा मन पर्ने दुई चरित्र छान्न हामीले सहभागीहरूलाई भन्यौ । हामीले पत्ता लगायौ कि ६१५ ले "सत्यता", ५७५ले "सबै प्रकारका मानिसहरूसँग सम्बन्ध बनाउने", र ५६५ "नयाँ अगुवा प्रशिक्षण गर्ने" रोज्नुभयो ।

लैजानुभयो, उहाँले अतिथिसत्कार गर्दै हुनुहुन्थ्यो, उहाँका चेलाहरूको नेतृत्व क्षमतालाई तिखार्न र तिनीहरूको सिकाइ बढाउनको लागि समय र ठाउँको व्यवस्था गरिरहनुभएको थियो ।

हामीले पनि अतिथिसत्कारलाई अरूसँग गहिरो सम्बन्ध निर्माण गर्नको लागि एक प्रमुख तत्वको रूपमा हेर्नुपर्छ। धेरै आत्मिक अगुवाहरूका लागि, अतिथिसत्कार अभ्यास गर्नु सास फेर्न जत्तिकै स्वाभाविक छ किनभने यसको उनीहरूको संस्कृतिमा गहिरो जरा छ। अरूको लागि, अतिथिसत्कार अभ्यास अप्राकृतिक देखिन्छ र धेरै डरलाग्दो हुन सक्छ। अतिथिसत्कारलाई फराकिलो अर्थमा हेर्नु उपयोगी हुन सक्छ जसमा तपाईंको घर, तपाईंको जीवन, तपाईंको तालिका र तपाईंको हृदयलाई अरूले सुसमाचार हेर्न र सुन्नको लागि पवित्र ठाउँको रूपमा खोल्न समावेश गर्दछ।

## प्रामाणिक परामर्श सम्बन्धहरू स्थापना गर्नुहोस्

आफ्नो आत्मिक नेतृत्वको प्रारम्भिक वर्षहरूमा फर्केर सोच्नुहोस् । ती प्रारम्भिक वर्षहरूमा तपाईंलाई सबैभन्दा बढी प्रभाव पार्ने व्यक्तिहरू को थिए ? तपाईंले आफ्नो जीवनमा महत्त्वपूर्ण आत्मिक निक्षेपहरू जम्मा गर्ने एक वा दुई जनालाई सजिलै नाम दिन सक्नुहुन्छ। गहिरो प्रतिबिम्बमा, तपाईले चार वा पाँच व्यक्तिको नाम पनि लिन सक्नुहुन्छ जसले तपाईलाई आजको अगुवा बनाउन मद्दत गर्नुभयो ।

१९९० को दशकमा, पल स्टेनली र रोबर्ट जे क्लिन्टनले राम्रोसँग समाप्त गर्ने आत्मिक अगुवाहरूको एक अध्ययन गरे । एक हजार भन्दा बढी आत्मिक अगुवाहरूको सर्वेक्षण पछि, तिनीहरू सबैले साझा गरेको पाँच विशेष विशेषताहरू पहिचान गर्न सक्षम भए। एउटा समानता यो थियो कि तिनीहरू प्रत्येकको जीवनकालमा अर्थपूर्ण सम्बन्ध र धेरै महत्त्वपूर्ण सल्लाहकारहरूको सञ्जाल थियो (स्ट्यानली र क्लिन्टन १९९२)। स्टेनली र क्लिन्टनले मार्गदर्शनलाई "एक सम्बन्धगत अनुभवको रूपमा परिभाषित गर्दछ जसको माध्यमबाट एक व्यक्तिले ईश्वरिय स्रोतहरू साझा गरेर अर्कोलाई सशक्त बनाउँछ" (स्टान्ली र क्लिन्टन १९९२)।

प्रामाणिक मार्गदर्शन सम्बन्धहरू स्थापना दुई तहमा गरिनुपर्छ। पहिलो, राम्रोसँग समाप्त गर्न र अरूको लागी उदाहरण बन्नको लागि तपाईंको आफ्नै जीवनमा सल्लाहकारहरू हुनुपर्छ। तपाईलाई तपाईको आत्मिक यात्रामा तपाईको साथमा रहेका सहकर्मी सल्लाहकारहरू चाहिन्छ, र तपाईलाई कम्तिमा एक जना सल्लाहकार चाहिन्छ जो तपाई भन्दा अगाडि छन् । एकचोटि यी सम्बन्धहरू स्थापित भएपछि, तपाईं राम्ररी सुदृढ हुनुहुनेछ र अरूलाई अझ प्रभावकारी रूपमा सल्लाह दिनको लागि सुसज्जित हुनुहुनेछ। दोस्रो, तपाईंले प्रामाणिक मार्गदर्शन सम्बन्धहरू विकास गर्नुपर्छ जसको माध्यमबाट तपाईंले नयाँ पुस्ताअगुवाहरूलाई उनीहरूसँग आफ्ना

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

परमेश्वरले दिनुभएको स्रोतहरू साझा गरेर सशक्त बनाउन सक्नुहुन्छ ।

नयाँ पुस्ता अगुवाहरूले तपाईलाई भेट्ने साहस गरिरहँदा, सल्लाह दिने सम्बन्धहरू विकास गर्नमा निष्क्रिय नहुनुहोस् । सक्रिय हुनुहोस् । युवाहरूलाई भेट्नुहोस् जसमा तपाईंले आत्मिक नेतृत्वको सम्भावना देख्नुहुन्छ । धर्मशास्त्रमा महान आत्मिक अगुवाहरूका धेरै उदाहरणहरू छन् जसले उद्धेश्यसहित र रणनीतिक रूपमा आफूले सल्लाह दिन चाहनेहरूलाई चयन गरे । एलियाले एलीशालाई रोजे । येशूले बाह्र जना भावी प्रेरितहरूलाई छुट्याउनुभयो । बर्नाबासले पावललाई खोज्न गए । पावलले एसिया माइनरबाट तिमोथी, तीतस र अन्य युवा अगुवाहरूलाई चयन गरे । प्रिस्किला र अक्विलाले अपोल्लोसलाई खोजे ।"तिनी सभाघरमा साहसपूर्वक बोल्न थाले । तर तिनले बोलेका कुरा सुनेर प्रिस्किला र अक्विलाले तिनलाई आफ्नो घरमा ल्याए, र परमेश्वरका मार्गको अर्थ झन् प्रष्टसँग बुझाइदिए ।" प्रेरित १८:२६

## सल्लाहकारहरूको झुण्डहरूलाई प्रोत्साहन दिनुहोस्

फुलर थिओलोजिकल सेमिनरीका सेवानिवृत्त प्रोफेसर डा. रोबर्ट क्लिन्टनका अनुसार, "बढ्दो अगुवालाई आफ्नो जीवन र सेवकाईमा विकास र स्वस्थ परिप्रेक्ष्य सुनिश्चित गर्न सल्लाहकार, साथीहरू र उदयमान अगुवाहरूलाई अँगाल्ने सम्बन्धमा सञ्जाल चाहिन्छ ।" (स्टान्ली र क्लिन्टन १९९२) । स्टेनली र क्लिन्टन पहिलो व्यक्ति थिए जसले आफ्नो जीवनको वरिपरि भेला हुने सल्लाहकारहरूको समूहको लागि "सल्लाकारको झुण्ड" शब्द प्रयोग गर्छन् । कुनै एकल अगुवाले बढ्दो आत्मिक अगुवाहरूको सबै सल्लाह आवश्यकताहरू पूरा गर्न सक्दैन । हरेक सल्लाह दिने सम्बन्ध दीर्घकालीन हुने होइन । कहिलेकाहीँ परमेश्वरले हाम्रो आत्मिक विकासको एक विशेष चरणको लागि हामीसँगै मानिसहरूलाई बोलाउनुहुन्छ, र त्यसपछि अरूलाई उनीहरूको ठाउँ लिन बोलाउनुहुन्छवा हामीलाई सल्लाह दिन उनीहरूसँग सामेल गराउनुहुन्छ । अगुवाहरूले यस निर्देशनलाई गतिशील व्यक्तिगत रूपमा लिनु हुँदैन, तर पवित्र आत्माले आत्मिक अगुवाहरूको विकास गर्नका लागि सल्लाहकारहरूको झुण्ड प्रयोग गर्नुहुन्छ भनेर बुझ्नुपर्छ ।

हाम्रो वरिपरि सल्लाहकारहरूको समूह हुनुको धेरै कारणहरू छन् । पहिलो, हाम्रो आत्मिक यात्राको विभिन्न चरणहरूमा हाम्रो सल्लाहलाई परिवर्तन चाहिन्छ । उदाहरणका लागि, यदि परमेश्रले नयाँ मण्डली स्थापनाका लागि युवा अगुवालाई

बोलाउनुभएको छ भने, स्वस्थ मण्डली स्थापना गर्ने र हुर्काउने अनुभव भएको नयाँ सल्लाकार खोज्नु बुद्धिमानी हुनेछ । एक अनुभवी मण्डलीस्थापकसँग निस्सन्देह अन्य सल्लाहकारहरू भन्दा मण्डली स्थापना सम्बन्धमा धेरै अन्तरदृष्टिपूर्ण सल्लाह र दृष्टिकोण हुनेछ ।

एक युवा अगुवाको लागि सल्लाहकारहरू परिवर्तन गर्नु वा उनीहरूको सल्लाहकार सम्बन्धमा नयाँ सल्लाहकारहरू थप्नु अविश्वासको कुरा होइन । वास्तवमा, एक विवेकी सल्लाहकारले परिवर्तनहरू आवश्यक छ भनेर अनुमान गर्नुपर्दछ र युवा अगुवालाई थप सल्लाहकारको नजिक पुग्ने प्रक्रियामा मद्दत गर्नुपर्छ । जब तपाई पहिले नै नयाँ पुस्ता अगुवाहरूसँग आफ्नो सल्लाह सम्बन्ध स्थापित गर्नुहुन्छ, यो सम्भावनाको बारेमा छलफल गर्नु बुद्धिमानी हुन्छ । तिनीहरूलाई आवश्यक रूपमा तिनीहरूको सल्लाकारको झुण्डको समायोजन गर्न अग्रिम अनुमति दिनुहोस्, र उनीहरूको सल्लाह आवश्यकताहरूको पुनः मूल्याङ्कन गर्न मद्दत गर्न प्रस्ताव गर्नुहोस् । उनीहरूको सल्लाहकार सम्बन्धको स्वामित्व लिनको लागि उनीहरूलाई पुष्टि गर्नुहोस् । यदि समायोजन आवश्यक छ भने यसले तिनीहरूको तर्फबाट कुनै पनि अनावश्यक चिन्ता र झूटो अपराधबाट छुटकारा पाउनुपर्दछ ।

सल्लाहकारहरूको झुण्डलाई प्रोत्साहित गर्ने दोस्रो कारण यो हो कि कुनै पनि सल्लाहकारसँग सबै बुद्धि, अनुभव र दृष्टिकोणहरू छैनन् जुन युवा अगुवाहरूलाई उनीहरूको यात्रामा विकास गर्न आवश्यक छ । हामी सबैसँग केही आत्मिक वरदानहरू, व्यवहारिक सीपहरू र जीवनका अनुभवहरू छन्, तर हामीसँग ती सबै छैन । हामीले आफूलाई संयमपूर्वक र खीष्टजस्तै नम्रताका साथ सोच्नै पर्छ, र महसुस गर्नुपर्दछ कि हामीले सल्लाह दिन खोज्नेहरूलाई उनीहरूको परमेश्वरले दिनुभएको क्षमतामा पुग्नको लागि प्रायः फरक वा अतिरिक्त सल्लाहकार चाहिन्छ । सम्झनुहोस् कि सल्लाहकारको रूपमा हाम्रो कार्य भनेको हाम्रो आफ्नै भन्दा पवित्र आत्माको इच्छासँग सहयोग गर्नु हो ।

मलाई व्यक्तिगत उदाहरण प्रयोग गर्न अनुमति दिनुहोस् । म हाल एक युवकलाई सल्लाह दिइरहेको छु जसले भर्खरै खुलासा गरेको छ कि उसलाई थाहा छ कि परमेश्वरले उसलाई नयाँ व्यापार उद्यममा डोर्याउँदै हुनुहुन्छ । उनीसँग निश्चित डिग्रीको व्यवहारिक अनुभव छ, तर यस प्रकारको व्यवसाय कहिल्यै सुरु गरेको छैन । मैले प्रार्थनापूर्वक सुझाव दिएँ कि उहाँले एक खीष्टियन व्यवसायी खोज्नुहोस् जसले सफलतापूर्वक यस प्रकृतिको स्वस्थ व्यवसाय सुरु गरेको छ । मैले सम्भावित सल्लाहकारको सिफारिस गरें र तिनीहरूलाई ईमेल मार्फत परिचय गराए । तिनीहरू हालै एकअर्कासँग पुगेका छन् र सल्लाह दिने सम्बन्धमा प्रवेश गर्ने

सम्भावनाबारे छलफल गर्न चाँडै भेट्ने योजना छ । यसमा असहज महसुस गर्नुको सट्टा, म यो युवालाई उसको आत्मिक यात्रामा मद्दत गर्न पाउँदा खुसी छु । म अझै पनि आत्मिक सल्लाह दिन्छु, तर उसलाई परमेश्वरले नेतृत्व गरिरहनुभएको छ भनी विश्वास गरेको दिशामा अघि बढ्नको लागि उत्तम तयारी गर्नको लागि उसलाई थप सल्लाह दिने सम्बन्ध चाहिन्छ ।

सल्लाहकारहरूको झुण्डमारहनुको तेस्रो कारण भनेको जब हामीलाई परमेश्वरको निर्देशन बुझ्न गाह्रो भइरहेको हुन्छ तब सहमति प्राप्त गर्नको लागी हो । एक बुद्धिमान व्यक्तिले विश्वसनीय स्रोतहरूबाट सल्लाह खोज्छ । प्रायः परमेश्वरले हाम्रो हृदयलाई चिन्ने र हेरचाह गर्ने अन्य विश्वासीहरूको सहमतिमा बोल्नुहुनेछ । यस प्रकारको सल्लाहले पुष्टि गर्छ कि हामीले पर्खिरहेको कार्य मार्ग बुद्धिमानी छ र हाम्रो जीवनमा परमेश्वरको गतिविधि अनुरूप छ । यदि केवल एक जना सल्लाहकार वा सहकर्मी सल्लाहकार हामीसँग सहमत हुनुहुन्छ, र अन्य दुई वा तीनवटा गम्भीर चिन्ताहरू छन् भने, यो अगाडि बढ्नु अघि रोक्किनु र उनीहरूका गल्तीहरू सम्बोधन गर्ने कारण हुनुपर्छ ।

सल्लाहकारहरूको झुण्डको चौथो कारण यो हो कि हामीले यसलाई धर्मशास्त्रमा लागु गरिएको देख्छौं । पावलले तिमोथीलाई अरूलाई सल्लाह दिन निर्देशन दिए जब पावल अझै तिनलाई सल्लाह दिइरहेका थिए । तिमोथीले सल्लाह दिएका मानिसहरूले सक्रिय रूपमा अरूलाई सल्लाह दिनुपर्ने थियो जुन समयमा उनीहरू तिमोथीले सल्लाह दिइरहेका थिए ।

म तपाईको आफ्नै जीवनमा एक स्वस्थ मार्गदर्शन नमुना निर्माण गर्न एक साधारण सुरूवात बिन्दु सुझाव गर्न चाहन्छु । मलाई दैनिक जीवनबाट एउटा उदाहरण प्रयोग गर्न दिनुहोस् । जब हाम्रो समुदायमा नयाँ घर बनाइन्छ, प्रायः अगाडिको आँगनमा रूख रोपिन्छ । किनभने परिपक्व रूखहरू प्रायः प्रत्यारोपण गर्न धेरै महँगो हुन्छन्, धेरैजसो घर मालिकहरूले बिरुवा झै एउटा जवान रूख खरिद गर्नेछन् । अपरिपक्व रूखहरूलाई बढ्न र जराहरू राख्न संरचनात्मक समर्थन चाहिन्छ । वर्षा र उच्च हावाको मौसममा बिरुवा सीधा र सीधा रहने सुनिश्चित गर्न अक्सर विरूवालाई टेको दिने गरिन्छ । रूखबाट केही फिटको दूरीमा आवश्यक सहयोगको लागि रूखमा तार वा डोरीले बाँधिनेछ । बलियो र भरपर्दो समर्थन चाहिने जवान

रूखको रूपमा आफ्नो जीवनलाई दृढतापूर्वक जरा गाड्न र सीधा र अग्लो बढ्न जारी राख्नको लागि कल्पना गर्नुहोस् । तपाईंको जीवनमा सल्लाहकारको रूपमा समर्थन टेकोको बारेमा सोच्नुहोस्: एक बर्नाबास, तपाईंलाई प्रोत्साहन गर्न; तपाईंलाई चुनौती दिन पावल; र तपाईंको नेतृत्व विकासमा तेज राख्नको लागी एक तिमोथी । तारहरूले जवाफदेही र प्रामाणिक सम्बन्धहरू प्रतिनिधित्व गर्दछ जसले तपाईंलाई यी सल्लाहकारहरूमा बाँध्छ । यदि तारहरू भाँचियो वा चुँडियो भने, समर्थन अप्रभावी हुन्छन् । यदि तारहरू धेरै कसिलो छन् भने पनिरूखले राम्ररी बढ्न र आँधीबेहरी सामना गर्ने क्षमतालाई कायम राख्दैन । नयाँ पुस्ता अगुवाहरूलाई ठीकसँग विकास गर्नको लागि, त्यहाँ बलियो र सुरक्षित सल्लाह दिने,सँगै बाँधिएको र पवित्र आत्माद्वारा राखिएको सम्बन्धहरू हुनुपर्छ । एक जवान रूखको विपरीत जुन अन्ततः बाह्य समर्थनको आवश्यकता छैन, तपाई र मलाई सधैं हामीलाई बलियो राख्न र सही दिशामा बढ्नको लागि सल्लाह दिने सम्बन्ध चाहिन्छ । जुन क्षण हामीले सोच्दछौं कि हामीलाई अब अरूले हाम्रो जीवनमा बोल्ने र हामीसँग यात्रा गर्न आवश्यक छैन । त्यो क्षण हो कि गर्व र आत्मनिर्भरता हाम्रो हृदयमा घमण्ड गर्न थाल्छ, जसले हामीलाई हाम्रो आफ्नै शारीरिक स्वभाव, संसारमा पापी प्रभावहरू र दुष्टको आध्यात्मिक आक्रमणहरूको लागि कमजोर बनाउँछ ।

## समाज निर्माण गर्नुहोस्

मर्कुसको सुसमाचारले येशूले आफ्ना बाह्र जना चेलाहरूसँग बनाएको सम्बन्धलाई वर्णन गरेको मलाई मन पर्छ । येशूले उद्धेश्यसहित तिनीहरूलाई “तिनीहरू उहाँसँग हुन सकून् भनेर” खोज्नुभयो । उहाँले तिनीहरूलाई साथी साथै अनुयायी बन्नुपर्छ भनि निर्णय गर्नुभयो । तीन वर्षसम्म, उहाँले आफ्ना चेलाहरूसँग गुणस्तरीय समय मात्र होइन, तर धेरै समय पनि खर्च गर्नुभयो ।

येशूले निर्णय गर्नुभयो कि उहाँको नेतृत्व विकास विधिहरूमा उहाँका चेलाहरूसँग जीवनमा भाग लिने, भीडले नदेखेका क्षणहरूमा उहाँलाई दिनभरि देख्न दिने कुराहरू समावेश होउन् । तिनीहरूले उहाँलाई देखे जब उहाँ थकित, भोकाएको, एकाग्रको खाँचो परेको र एकान्तको लालसामा हुनुहुन्थ्यो । तिनीहरूले उहाँलाई तिनीहरूको विश्वासको कमीले निराशाको भावनाहरू व्यक्त गरेको देखे, र फरिसीहरूको कपट र आत्मिक अन्धोपनमा उहाँको रिस उठेको देखे । तिनीहरूले उहाँलाई एक नजिकको साथी गुमाएकोमा शोक र रोएको देखे । उहाँले प्रामाणिक नेतृत्वको नमुना बनाउनुभयो र बाह्र जनालाई गहिरो आत्मिक संगतमा निम्तो दिनुभयो । उहाँले सानो कुराकानी, मैत्रीपूर्ण व्यंग्य र गहिरो आत्मिक कुराकानीको लागि ठाउँ बनाउनुभयो । उहाँले एउटा विश्वास समुदाय निर्माण गर्नुभयो जुन हामी सबैको

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

अनुकरण गर्ने नमुना थियो । येशूले उदयमान आत्मिक अगुवाहरूसँग इमानदार सम्बन्धमा लगानी गर्नुभयो, उनीहरूलाई उहाँ तिनीहरूका प्रभु र ख्रीष्ट हुनुहुन्छ र तिनीहरू उहाँका साथीहरू थिए भन्ने केन्द्रीय विश्वासको वरिपरि एक प्रामाणिक समुदायमा रूपान्तरण गर्नुभयो । र हामीले पनि त्यस्तै गर्नुपर्छ ।

म तपाईंलाई आत्मिक अगुवाहरूको उदाहरण पछ्याउन प्रोत्साहन दिन्छु जसले आफ्नो मण्डली वा व्यवसायहरूमा अरूबाट टाढा र अलग रहनुपर्छ भन्ने महसुस गर्छन् । तिनीहरूको कारणहरू भए तापनि, हामी धर्मशास्त्रमा यस किसिमको नेतृत्वको मोडेललाई प्रोत्साहित गरेको देख्दैनौं । बरु हामी येशू, पावल, बर्नाबास, तिमोथी, प्रिस्किला, अक्विला र तीतस जस्ता आत्मिक अगुवाहरूले अन्य विश्वासीहरूलाई आफ्नो जीवन खोल्दै र साझा आत्मिक यात्रामा साथीहरूको रूपमा आफूलाई उपलब्ध गराएको देख्छौं । परमेश्वरले हाम्रा मानवीय सीमितताहरू पनि जान्नुहुन्छ, त्यसैले येशूले जस्तै मुट्ठीभर सम्बन्धहरू छान्नु बुद्धिमानी हो । सायद सबैभन्दा ठूलो कारण केही आत्मिक अगुवाहरूले टाढा रहन जोड दिएका छन् कि तिनीहरू डराउँछन्- कमजोर हुन डराउँछन्, अरूलाई तिनीहरू वास्तवमा को हुन् र तिनीहरूले वास्तवमा पर्दा पछाडि कसरी व्यवहार गर्छन् भनेर हेर्न चाहँदैनन् । तिनीहरू मानव र पापीको रूपमा हेर्दा डराउँछन्, जुन हामी सबै वास्तवमा हौं । परमेश्वरले कहिल्यै पूर्णताको आशा गर्नुहुन्न । उहाँलाई थाहा छ हामी कसरी बनेका छौं, हामी धूलो हौं । तर उहाँले आत्मिक अगुवाहरूबाट सत्य र प्रामाणिकताको आशा गर्नुहुन्छ । परमेश्वरले हामीलाई अरूको अनुमोदन र प्रशंसाको लागि बाँच्ने बोझबाट मुक्त गरून् । उहाँले हामीलाई आत्मिक नेतृत्वको झूटो व्यक्तित्वमा नभई परमेश्वरको भलाइ र कृपामा भर पर्दै, प्रामाणिक, अपूर्ण र क्षमाशील जीवन जिउन, हामीले नेतृत्व गर्नेहरूसँग वास्तविक हुन स्वतन्त्र गरून् ।

**मनन गर्नुहोस्**

१) तपाईं एक युवा अगुवा हुँदा पवित्र आत्माले सार्वभौम रूपमा तपाईंको जीवनमा राख्नुभएको आत्मिक सल्लाहकारहरू र साथीहरूलाई चिन्तन गर्न एक क्षण लिनुहोस् । उहाँहरूलाई तपाईंको जीवनमा ल्याउनु भएकोमा तपाईंको स्वर्गीय पितालाई धन्यवाद दिन एक क्षण लिनुहोस् । उहाँहरूको आत्मिक लगानी र समर्थनको लागि कृतज्ञता व्यक्त गर्न सम्भव भएमा

उहाँहरूलाई सम्पर्क गर्ने विचार गर्नुहोस् ।

२) तपाईको हालैको सल्लाहकारहरूको झुण्डको सुची बनाउनुहोस् । सेवकाईको यात्रामा तपाई भन्दा अघि को हुनुहुन्छ ? तपाईको सँगी सल्लाहकार को हुनुहुन्छ ? तपाई भन्दा पछाडी को हुनुहुन्छ जसले तपाईलाई आत्मिकी सल्लाहकारको रूपमा लिन्छन् ?यो झुण्डमा को पर्नुभएन ? के तपाईको झुण्डमा नयाँ पुस्ताअगुवालाई जोड्नको लागी ठाँउ छ ?

३) अतिथिसत्कारको आत्मिक अनुशासनको अभ्यास तपाई कसरी गर्दै हुनुहुन्छ ? के तपाईंको जीवनमा नयाँ पुस्ता अगुवाहरूसँग नयाँ प्रामाणिक सम्बन्धहरूको लागि पवित्र ठाउँ छ ? युवा अगुवाहरूलाई आतिथिसत्कार प्रदान गर्न आफ्नो हृदय, , घर वा सल्लाहकार झुण्ड खोल्न तपाईंले के कार्यहरू गर्न सक्नुहुन्छ ?

**प्रार्थना**

पिता, तपाईंले मेरो आत्मिक यात्रामा मेरो जीवनमा रणनीतिक रूपमा राख्नुभएको आत्मिक सल्लाहकारहरूको लागि धन्यवाद । उहाँहरूले एक अनन्त भिन्नता बनाउनु भएको छ र म उहाँहरूको प्रभावको लागि उहाँहरू र तपाईंप्रति आभारी छु । प्रभु, मलाई मेरो जीवनमा नयाँ सल्लाह दिने सम्बन्धको लागि पवित्र ठाउँ सिर्जना गर्न मद्दत गर्नुहोस् । मेरो सल्लाह झुण्ड पर्याप्त बलियो छैन भनेर हेर्न मलाई पर्याप्त नम्र हुन मद्दत गर्नुहोस् । मलाई अगुवाको रूपमा राम्रोसँग समाप्त गर्नको लागि मसँग आत्मिक समर्थन छ भनी सुनिश्चित गर्न अन्य अगुवाहरूसँग पुग्ने साहस दिनुहोस् । पिता, यात्रामा मसँग अन्य आत्मिक अगुवाहरू ल्याएर, म दौड राम्रोसँग दौड्न चाहन्छु र बलियो बन्न चाहन्छु । हाम्रो साझा आत्मिक यात्राको अन्त्यमा हामी सबैले तपाईंको ओठबाट “स्याबास्” सुन्न पाउँ । आमेन् ।

**कार्य चरणहरू र समय रेखाहरू**

| आवश्यक कार्य | समय रेखा |
|---|---|
| | |
| | |
| | |

# सिद्धान्त ४: रूपान्तरण गर्ने नेतृत्व

“तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।” यूहन्ना १७:१७

तिनीहरूले आपसमा भने, “उहाँ हामीसँग बाटोमा बातचीत गर्नुहुँदा, र हामीलाई धर्मशास्त्रको अर्थ खोलि दिनुहुँदा के हाम्रो ह्रदय प्रज्वलित भएको थिएन र ?” लूका २४:३२

**भित्री (हृदय) रूपान्तरणलाई सहज बनाउनुहोस्**

उहाँ क्रूशमा टाङ्गिनु अघि, येशूले आफ्ना बाह्र चेलाहरू र चाँडै तिनीहरूको पाइला पछ्याउने सबै भविष्यका चेलाहरूका लागि प्रार्थनामा महत्त्वपूर्ण समय बिताउनुभयो । उहाँले प्रार्थना गर्नुभयो कि उहाँको पिताले उहाँलाई सुम्पिएकाहरूलाई तिनीहरूको विश्वव्यापी सेवकाईमा पठाउनु अघि पवित्र बनाउनुहुनेछ ।

येशूलाई थाहा थियो कि “गर्नु” भन्दा अघि “हुनु” आउँछ । उहाँ आफ्ना चेलाहरू तिनीहरूले आफ्नो महान आज्ञा अनुसारको सेवकाई सुरु गर्नु अघिआत्मिक रूपले रूपान्तरित भएको र सत्यको वचन मार्फत पिताद्वारा छुट्टयाइएको चाहनुहुन्थ्यो । जब परमेश्वरको वचन हृदयमा प्रवेश गर्छ, यो आगो जस्तै जल्छ । यसले चरित्रलाई शुद्ध गर्दछ, विचार जीवनलाई शुद्ध पार्छ, र दिमागलाई नवीकरण गर्दछ । यसले विश्वासीहरूको प्राणमा र आत्मामा गहिरो प्रवेश गर्छ । त्यसैकारण इम्माउसको बाटोमा पुनरुत्थान हुनुभएको ख्रीष्टलाई भेट्ने चेलाहरूले उनीहरूको हृदयमा जलेको एक भेटको रूपमा वर्णन गरे । पवित्र आत्माको शक्ति र येशूको अधिकारमा सञ्चार गरिएको परमेश्वरको वचनले आत्मिक अगुवाहरूको हृदय परिवर्तन गर्दछ ।

धेरै नेतृत्व विकास सेवकाईहरू, गोष्ठीहरू र बाइबल कलेजहरूले नेतृत्वको शिर र हातहरूमा ध्यान केन्द्रित गर्दछ, जसको अर्थ एक राम्रो आत्मिक अगुवा बन्न आवश्यक ज्ञान र सीपहरू छन् । यो जोड ख्रीष्टको शरीरको लागि महत्त्वपूर्ण र सहयोगी छ । कहिलेकाहीँ कम ध्यान जाने कुराभए तापनिहृदयको आत्मिक गठनमा महत्त्वपूर्ण जोड हुन्छ जुन आत्मिक अगुवाहरूलाई भित्रबाट रूपान्तरण गर्न आवश्यक छ । अथाह ज्ञान र प्रभावशाली सीप भएको अगुवाले व्यापार वा सेवकाईमा धेरै टाढा जान सक्छ, तर आत्मिक अगुवाको वरिपरि हुँदा अरूको हृदयमा के जलाउँछ त्यो

अगुवाको हृदयमा हुने आन्तरिक रूपान्तरण हो । साँच्चै रूपान्तरित जीवन भन्दा केही कुराहरूले सुसमाचारलाई अझ आकर्षक बनाउँछ ।

टार्ससका शाउलसँग अथाह धर्मशास्त्रीय तालिम थियो र उनलाई यहूदी समाजमा महत्त्वपूर्ण प्रभावको स्थिति प्राप्त गर्न आवश्यक नेतृत्व कौशल थियो । यद्यपि दमस्कसको बाटोमा येशूसँग उनको भेट भएपछि मात्र उनले हृदयको परिवर्तन अनुभव गरे । यो कस्तो रूपान्तरण साबित भयो! यो पूर्ण रूपान्तरण पछि येशूले शाऊलको नाम परिवर्तन गर्नुभयो र उसलाई जीवनमा नयाँ बोलावट दिनुभयो । त्यसपछि विश्वले अहिलेसम्म चिनेका महान आत्मिक अगुवाहरूमध्ये एक बन्न उनले आफ्नो ज्ञान, सीप र नविकरण हृदयलाई प्रयोग गर्न सके ।

तपाईको हृदयको बारे के त ? के तपाईंले परमेश्वरको वचन पढ्दा र मनन गर्दा, र अरूको सशक्त शिक्षाको अधीनमा बस्दा के तपाईं भित्र जलन हुन्छ ? के तपाईको दिमाग नवीकरण भइरहेको छ र तपाईको जीवन परमेश्वरको आत्मा द्वारा रूपान्तरण भइरहेको छ, वा तपाई संसारलाई यसको ढाँचामा आकार दिन अनुमति दिनुहुन्छ ? के तपाईं आफ्नो सेवकाईलाई अगाडि बढाउन आफ्नो ज्ञान र सीपहरूमा भर पर्दै हुनुहुन्छ, वा तपाईं आफ्नो हृदय परिवर्तन गर्ने खीष्टसँगको घनिष्ठ सम्बन्धलाई प्राथमिकता दिनुहुन्छ ?

परमेश्वरले पुरुष र महिलाहरूको हृदयलाई हेर्नुहुन्छ र तिनीहरूद्वारा के पूरा गर्न चाहनुहुन्छ भनेर निर्धारण गर्नुहुन्छ । गेराल्ड हार्टिसले एक पटक भनेका थिए, “सेवकाई भनेको हामीले येशूलाई पछ्याउने क्रममा छोड्ने कुरा हो” (फोर्ड 1991) । के त्यो भनाइ तपाईमा साँचो हुन्छ ? के येशूलाई पछ्याउनु तपाईंको सर्वोच्च प्राथमिकता हो ? उहाँको निमन्त्रणा अझै पनि साँचो छ, “आऊ, मेरो पछि लाग र म तिमीलाई नयाँ प्रकारको माछुवातुल्याउनेछु ।” के तपाईं आफ्नो हृदयमा त्यस प्रकारको परिवर्तनको लागि तयार हुनुहुन्छ ? तपाईलाई कुन कुराले रोकेको छ ?

## संस्कृति बिना रूपान्तरण सहज बनाउनुहोस्

जब येशूले परमेश्वरको राज्य पृथ्वीमा आएको घोषणा गर्नुभयो, उहाँले सुसमाचार प्रचार गर्न र राज्यका सिद्धान्तहरू सिकाउन थाल्नुभयो । उहाँको सन्देश प्रायः प्रति-सांस्कृतिक र विवादास्पद थियो भन्ने कुरा सुन्हेरूलाई स्पष्ट थियो । जसले सुने र विश्वासद्वारा प्रतिक्रिया दिए, सबैको हृदयमा परिवर्तन सुरु भयो यद्धपि यो त्यहाँ सीमित थिएन । येशूले ल्याउनुभएको रूपान्तरणको उद्देश्य उद्धार गरिएका हृदयहरूबाट बग्ने जीवित पानीका खोलाहरू झैं बग्नु थियो ।

एक असीमित स्रोत । यी स्फूर्तिदायी खोलाहरू आत्मिक र सांस्कृतिक रूपान्तरण

ल्याउनको लागि नमुना गरिएको हो जसै विश्वासीहरूले उनीहरूलाई सुम्पिएको सुसमाचार सुनाउँछन् र प्रस्तुत गर्छन् ।

यद्यपि येशूले आफ्नो मण्डलीलाई जीवन दिने समुदाय र संस्कृतिमा संरक्षण गर्ने उपस्थिति भन्न खोज्नु भएको थियो, तर प्रायजसो मण्डलीले आफूलाई संस्कृतिबाट पछि हटेको र आफ्नो प्रभावको अत्यन्तै आवश्यकता पर्ने संसारबाट आफूलाई परिचालित नगरेको पाउँछ । एन्डी क्राउच, आफ्नो पुस्तक Culture Making: Recovering our Creative Calling,मा विश्वव्यापी मण्डलीले संस्कृतिसँग सम्बन्ध बनाउँने पाँचवटा सामान्य तरिकाहरू छन् भनी बताउँछन् । यसले निन्दा, आलोचना, प्रतिलिपि, उपभोग, वा संस्कृति सिर्जना गर्न सक्छ (Crouch 2008) । यद्यपि यी प्रत्येक प्रतिक्रियाहरू समाजलाई इशाराको रूपमा समय-समयमा आवश्यक हुन्छन्, तर पहिलो चार प्रतिक्रियाहरू मध्ये कुनैले पनि स्थायी सांस्कृतिक रूपान्तरण ल्याउँदैन । दिगो परिवर्तन ल्याउन सक्ने एउटै इशारा संस्कृति निर्माणको पाँचौं प्रतिक्रिया हो ।

एन्डी क्राउच विश्वास गर्छन् कि प्रायः येशू ख्रीष्टको मण्डलीले समाजको निन्दा वा आलोचना गर्ने सङ्केतबाट निन्दाको स्थायी अवस्था धारण गर्दछ । यसले मण्डलीलाई संस्कृतिबाट अलग गर्न र नुन र ज्योति हुनको लागि कुनै पनि सम्भाव्यता हटाउनको कारण बनाउँछ। अर्कोतर्फ, कहिलेकाहीँ मण्डलीहरूले संस्कृति पछ्याउँछन् वा उपभोग यति सजिलैसँग गर्दछन् कि त्यहाँ विश्वासको समुदाय र वरपरको संस्कृतिमा कुनै वास्तविक भिन्नता हुँदैन । त्यसकारण, तिनीहरूले समाज जस्तै बनेर समाजमा परमेश्वरको राज्यको परिवर्तनकारी प्रभावलाई कम गर्छन् । क्राउचले पुष्टि गरेझैं, यदि संसारभरका मण्डलीहरूले येशूले जस्तै नयाँ संस्कृति सिर्जना गर्ने निर्णय गर्छन् भने, तब हामीले महत्त्वपूर्ण र दिगो सामुदायिक रूपान्तरण भएको देख्न थाल्नेछौं ।

नयाँ पुस्ता अगुवाहरू नयाँ संस्कृतिको सिर्जनाकार बन्ने तीव्र इच्छा राख्छन् । तिनीहरू नयाँ पहलहरूमा सरोकारवाला बन्न चाहन्छन् जसले विश्वव्यापी समुदायको सामना गरिरहेका केही ठूला चुनौतीहरू लिन्छन् । तिनीहरू विश्वास गर्छन् कि येशू ख्रीष्टको मण्डलीमा राष्ट्रहरूले सामना गरिरहेका केही ठूला अन्याय र अस्वीकार्य अवस्थाहरूलाई सम्बोधन गर्ने क्षमता छ, र विश्वासीहरूले येशू

ख्रीष्टको प्रेम र सुसमाचारको शक्तिद्वारा मार्गनिर्देशन गर्ने जिम्मेवारी छ ।

ग्लोबल एडभान्सले विश्वास गर्छ कि पवित्र आत्माले सुसमाचारलाई अगाडि बढाउन र आत्मिक र सांस्कृतिक रूपान्तरण गर्ने उद्देश्यका लागि मिलेनियलहरूमा अग्रगामी उपहार र उद्यमशीलताको अनुग्रह दिनुभएको छ। हामी तपाईंहरूको जस्तै मण्डली र संगठनहरूलाई नयाँ पुस्ता अगुवाहरूलाई ख्रीष्टको राजदूत र संस्कृतिका सिर्जनाकर्ताहरू बन्न तयार गर्न र परिचालन गर्न मद्दत गर्न चाहन्छौं । के तपाईं महान् आज्ञाका अगुवाहरूको नयाँ पुस्ता तयार गर्न यो ल्भहतन्भल पहलमा हामीसँग सामेल हुनुहुनेछ ?

## पवित्र आत्माद्वारा रूपान्तरित हुनुहोस्

यद्यपि परमेश्वरले नयाँ पुस्ता अगुवाहरूमा आत्मिक रूपान्तरणको सुविधा दिन तपाईं जस्तो स्थापित आत्मिक अगुवाहरू प्रयोग गर्नुहुन्छ, स्थायी रूपान्तरणको साँचो स्रोत परमेश्वरको बास गर्ने पवित्र आत्मा हो । पेन्तिकोसको दिनमा येशूद्वारा पवित्र आत्माले भर्नुभएको हुनाले, उहाँले तुरुन्तै तीनवटा विशेष क्षेत्रहरूमा विश्वासीहरूलाई भित्री र बाहिरी रूपान्तरण ल्याउन शक्ति दिनुभयो:

### १) विश्वासीहरूलाई परमेश्वरको योजना (दर्शन) हेर्नको लागि अधिकार दिइएको थियो ।

दर्शन भनेको हामीले विश्वासको आँखाले देखेको कुरा हो । अगमवक्ता योएलले भविष्यमा एक समयको बारेमा भविष्यवाणी गरे जब वृद्ध र जवान समान रूपमा पवित्र आत्माद्वारा उनीहरूले पहिले कहिल्यै नदेखेका चीजहरू हेर्नको लागि सशक्त हुनेछन्, जुन कुराहरू पुरानो अगमवक्ताहरूले हेर्न चाहन्थे तर विश्वास र आशाद्वारा मात्र अनुमान गर्न सक्थे । त्यही ईश्वरीय प्रभावमा प्रेरित पत्रुसले पेन्तिकोसको दिनमा मानिसहरूले देखेका कुरा योएलको पुरातन भविष्यवाणीको पूर्ति हो भनी घोषणा गरे । आत्माको वरदानद्वारा, ख्रीष्टले आफ्ना चेलाहरूलाई संसारमा परमेश्वरको राज्यको लागि उहाँको दर्शन प्राप्त गर्न शक्ति दिनुभयो । यो दर्शन भव्य र यसको दायरामा सबै समाहित थियो । राज्यको यो सुसमाचार अन्ततः सारा संसारमा प्रचार गरिनेछ र परिणाम स्वरूप हरेक देश, क्षेत्र, भाषा, सहर र जनजातिले येशू ख्रीष्टमा आफ्नो विश्वास राख्ने र परमेश्वरको परिवारमा ग्रहण गर्ने अवसर पाउनेछ ।

### २) विश्वासीहरूलाई परमेश्वरको सत्य (सन्देश) संचार गर्न अधिकार दिइएको थियो

पवित्र आत्माबाट भरिपूर्णता द्वारा मण्डलीलाई नयाँ दर्शन दिनुको साथै येशू ख्रीष्टले विश्वासीहरूलाई संसारसँग साझा गर्न सन्देश छ भनी सुनिश्चित गर्नुभयो । पेन्तिकोसको दिनमा राष्ट्रहरूलाई सुसमाचार सन्देश जारी गरिएको थियो ।

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यसबेला यरूशलेममा बसेका थिए । तब यो आवाज सुनेर भीड जम्मा भयो । तिनीहरू आश्चर्य चकित भए । किनकि हरेकले आ-आफ्ना भाषामा तिनीहरू बोलिरहेका सुन्यो । प्रेरित २:५-६

तिनीहरूले के सुन्दै थिए ? लूकाले तिनीहरूलाई प्रेरित २: ११ मा सीधै उद्धृत गरे: "... हामी आ-आफ्ना भाषामा परमेश्वरका महान कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दछौँ" । जब पत्रुस खडा भए र साहसपूर्वक येशू ख्रीष्टको मृत्यु, गाडिनु र पुनरुत्थानको सुसमाचार घोषणा गरे, हजारौं मानिसहरूले पश्चात्ताप गर्न र पापहरूको क्षमा र पवित्र आत्माको वरदान प्राप्त गर्न उहाँको निमन्त्रणालाई प्रतिक्रिया दिए । तिनीहरू पनि, तिनीहरूको प्रभावको आफ्नै क्षेत्रहरूमा परमेश्वरको सत्यलाई सञ्चार गर्न सशक्त थिए ।

**३) विश्वासीहरूलाई परमेश्वरको संसार परिवर्तन गर्न अधिकार दिइएको थियो (मिशन)**

येशूले आफ्ना चेलाहरूलाई निश्चित गर्नुभयो, "तर पवित्रआत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" प्रेरित १:८

पेन्तिकोसको दिनमा राष्ट्रहरूका प्रतिनिधिहरूले सुनेको सन्देश, येशू ख्रीष्टको सुसमाचार, त्यही रूपान्तरण सन्देश हो जुन पवित्र आत्माको संयोजन अन्तर्गत पृथ्वीको छेउमा लैजानुपर्छ । हरेक पुस्ताका प्रत्येक विश्वासीलाई येशू ख्रीष्ट आफैले सारा संसारमा जान र सबै राष्ट्रहरूलाई सुसमाचार प्रचार गर्न, पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिन, उहाँले हामीलाई आज्ञा गर्नुभएका सबै कुराहरू तिनीहरूलाई पालन गर्न सिकाउन ईश्वरीय अधिकार दिनुभएको छ ।। उहाँले आफ्नो मण्डलीमा स्वतन्त्र र प्रचुर मात्रामा खन्याउनुभएको पवित्र आत्माको व्यक्ति र गतिविधिमा उहाँ सधैं हामीसँग हुनुहुनेछ भनी प्रतिज्ञा गर्नुभयो । उहाँले प्रतिज्ञा गर्नुभयो कि हाम्रो जीवन र सन्देशमा उहाँको महिमाको लागि जीवन, घर, समुदाय र राष्ट्रहरू परिवर्तन गर्ने शक्ति हुनेछ ।

**मनन गर्नुहोस्**

१) के तपाईं आफ्नो आत्मिक नेतृत्वलाई रूपान्तरणको रूपमा वर्णन गर्नुहुन्छ ? तपाईंको भित्री रूपान्तरणले तपाईंको समुदायमा बाहिरी रूपान्तरण ल्याइरहेको छ ?

२) तपाईंको मण्डली वा व्यवसायले हाल वरपरको संस्कृतिसँग कस्तो सम्बन्ध राखेको छ ? के तपाईंले आलोचक वा संस्कृतिको निन्दा गर्ने मुद्रामा आफूलाई इन्सुलेट गर्नुभएको छ, वा तपाईं आफ्नो समुदाय र राष्ट्रमा नुन र उज्यालो हुन दिने तरिकाहरूमा संलग्न हुनुहुन्छ ?

३) कुन स्थानीय सामुदायिक रूपान्तरण पहलहरूले तपाईंको मण्डली वा व्यवसायमा नयाँ पुस्ताअगुवाहरूलाई सुसमाचारको खातिर संस्कृति निर्माण गर्ने अवसरहरू सिर्जना गर्न सक्छ ? तिनीहरूलाई कार्य चरणहरू र समय रेखा खण्डमा लेख्नको लागि एक क्षण लिनुहोस् ।

**प्रार्थना**

स्वर्गमा हुनुहुने पिता, तपाईंको पुत्र, येशू ख्रीष्टलाई हाम्रो माझमा परमेश्वरको राज्यमा प्रवेश गर्न पठाउनुभएकोमा धन्यवाद । तपाईंको अनन्त राज्य अहिले छ र अझै छैन, धन्यवाद । हामी अहिले तपाईंको राज्यको पूर्वाभास देख्छौं, तर एक दिन यो पूर्णतामा आएको देख्नेछौं । तपाईंको राज्य आओस्, तपाईंको इच्छा स्वर्गमा जस्तै पृथ्वीमा पूरा होस् । पिता, सुसमाचार र तपाईंको अनन्त वचनले हाम्रो हृदयलाई परिवर्तन गर्नुहोस् । पवित्र आत्माले हामी भित्र जन्माएको जीवित पानीको धाराहरू हाम्रो हृदयबाट बाहिर निस्कने र हाम्रो परिवार, समुदाय र राष्ट्रहरूको जीवनलाई छुनेछ । हामी ख्रीष्टका राजदूत र संस्कृतिका सृष्टिकर्ता बन्न सक्छौं किनकि तपाईंले हामीलाई तपाईंको छोराको स्वरूपमा रूपान्तरण गर्न जारी राख्नुहुन्छ । आमेन् ।

**कार्य चरणहरू र समय रेखाहरू**

| आवश्यक कार्य | समय रेखा |
|---|---|
| | |
| | |
| | |

# सिद्धान्त ५ः आत्मिक अगुवापन नेतृत्व

“येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनुभयो, र आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो ।” लूका ४: १

“येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, र उहाँका विषयको कुरा वरिपरिका सबैठाउँमा फिँजियो ।” लूका ४: १४

आत्मिक नेतृत्व येशू ख्रीष्ट द्वारा व्यक्तिगत बनाइयो । लूकाको सुसमाचारका यी पदहरूले ख्रीष्टको नेतृत्वको सारलाई स्पष्ट र संक्षिप्त रूपमा प्रकट गर्दछ । यी पदहरू उहाँको नाम धारण गर्ने र आत्मिक नेतृत्वको आवरण ग्रहण गर्ने सबैका लागि परिणाम हुनका लागि हुन् ।

२० १४ मा, मैले यस खण्डमा आधारित “आत्माले भरिएको मुक्तिदाता” शीर्षकको निम्न ब्लग लेखें:

हाम्रो मुक्तिदाताले आफ्नो पार्थिव सेवकाईमा पूर्ण र पवित्र आत्माद्वारा पठाइएका, सशक्त र अभिषिक्त भएर काम सुरु गर्नुभयो (लूका ४: १- १९) भनी धर्मशास्त्रले भन्दछ । यो घनिष्ठ सम्बन्धले राज्यको सुसमाचार प्रचार गर्ने र संसारप्रति पिताको प्रेम प्रदर्शन गर्ने उहाँको सेवकाईलाई उत्प्रेरित गऱ्यो । यो “अनन्त आत्मा मार्फत” थियो कि येशूले हाम्रो मुक्तिको लागि “आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो” (हिब्रु  ९: १४) । प्रेरित पावलले घोषणा गरे, “किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ” (कलस्सी २:९) । पूर्णताको यो सम्बन्धले येशूलाई उहाँको प्रलोभन र उजाडस्थानमा विजय, बगैंचामा उहाँको जोश, क्रुसमा उहाँको पीडा र पुनरुत्थानमा उहाँको विजयको समयमा सम्भाल्यो । धेरै तरिकामा, येशूको जीवन उच्च थियो, तर अन्य तरिकामा यो अनुकरण गर्नको लागी थियो । उहाँले हामीलाई प्रेम गर्न, सेवा गर्न र उहाँको रूपमा जाने आज्ञा दिनुभयो । उहाँले हामीलाई उहाँको महान् जीवनमा हाम्रो जीवन गुमाउन, हाम्रो क्रुस उठाउन र उहाँलाई पछ्याउन र हामीले उहाँलाई गरेको देखेको भन्दा पनि महान् कामहरू गर्न आमन्त्रित गर्नुभयो । जे होस्, उहाँले आफ्ना चेलाहरूलाई यरूशलेममा बस्न र पवित्र आत्माको प्रतिज्ञा गरिएको वरदानको प्रतीक्षा गर्न निर्देशन दिनुभयो जसले विश्वासीहरूलाई माथिबाट शक्तिको धारणगराउनुहुनेछ (लूका २४:४९; प्रेरित १:४-

८) । हाम्रो बीचमा पवित्र आत्माको वास र सशक्त उपस्थिति बिना मण्डलीले पूरा गरोस् भन्ने उहाँको आशा र मण्डली बनोस् भन्नेउहाँको अपेक्षा पूर्णतया असम्भव छ । किन प्रेरित पावलले पवित्र आत्माको प्रेरणामा विश्वासीहरूलाई आत्माले भरिनु र आत्माद्वारा हिंड्न आग्रह गर्नुहुन्छ ? किनभने येशूले त्यसै गर्नुभयो । हामी हाम्रा मुक्तिदातामा हाम्रो नजर स्थिर गर्न र उहाँको आत्माले भरिएको, आत्माले नेतृत्व गरेको जीवनको अनुकरण गर्न बाध्य छौं किनकि हामीले उहाँको साक्षी हुन उहाँको आज्ञा पालन गर्छौं ताकिहामी संसारमा उहाँको दया प्रकट गर्ने र माया गर्ने, सेवा गर्ने, क्षमा गर्ने र एकअर्कालाई उत्थान गर्ने उहाँको मण्डली बन्छौं । यो कसरी पूरा हुन्छ ? हामीले प्रार्थनापूर्वक हाम्रा इच्छाहरू समर्पण गर्दा र आत्माको ईश्वरीय नेतृत्वमा हाम्रो जीवन अर्पण गर्दा आफूलाई परमेश्वरको वास गर्ने आत्माद्वारा नियन्त्रण गर्न अनुमति दिदाँ यो पूरा हुन्छ । यदि हामीले येशूले जस्तै पवित्र आत्माको प्रभावलाई समर्पण गर्यौं भने, हामीले पनि हाम्रो आत्माले भरिएको मुक्तिदाताको पाइलामा हिंड्दा पूर्णताको अनुभव गर्नेछौं । (पश्चिम, २० १४) ।

हामी सधैं आत्मिक महसुस गर्दैनौं । यो कुरामा धेरै आत्मिक अगुवाहरू सहमत हुनेछन् । वास्तवमा, कहिलेकाहीँ हामी आत्मिक बाहेक अरू केही महसुस गर्छौं किनभने हामी हाम्रा आफ्नै विचारहरू र मनसायहरू, कमजोरीहरू र पापपूर्ण बानीहरू राम्ररी जान्दछौं । मानिसहरूले हाम्रो आत्मिक नेतृत्वको लागि हामीलाई प्रशंसा गर्दा हामी कहिलेकाहीं पाखण्डीहरू जस्तै महसुस गर्छौं, र अहिले र त्यसपछि हामीले आफूलाई पवित्र आत्माको अगुवाइको साटो आफ्नै नियन्त्रणमा काम गरिरहेको पाउँछौं ।

हाम्रो प्रेरणाको स्रोत, पावलले पनि रोमी ७:२४ मा भन्नुभयो कि उहाँ एक दुखी मानिस हुनुहुन्थ्यो जसलाई यस मृत्युको शरीरबाट छुटकारा चाहिएको थियो । हामी सबै एउटै अवस्थामा छौं; यद्यपि, परमेश्वरको प्रशंसा होस् जसले हामीलाई आत्माको व्यवस्थाद्वारा निन्दाबाट छुटकारा दिनुभएको छ। त्यसकारण, हामी परमेश्वरका जनहरूलाई नम्रता, प्रामाणिकता, आत्मविश्वास र आनन्द, पवित्र आत्मालेअगुवाइ गर्दै, भर्दै, सशक्त र हाम्रो नेतृत्वलाई अभिषेक गर्दै हुनुहुन्छ भन्ने थाहा गरी हामीलाई साँच्चै आत्मिक बनाउँदै हुनुहुन्छ ।

सुसमाचारलाई अगाडि बढाउन र पवित्र आत्माको निर्देशनमा विश्वव्यापी मण्डलीलाई आत्मिक नेतृत्व प्रदान गर्न हाम्रो पुस्ता आएको छ । हामीलाई आत्मिक अगुवाहरूको नयाँ पुस्तालाई हुर्काउने, विश्वास र परमेश्वरको आत्माद्वारा हिँड्न सिकाउने जिम्मेवारी पनि दिइएको छ । हामी यो महत्वपूर्ण कार्य कसरी पूरा गर्छौं ? मसँग सुझाव गरिएका पाँच गतिविधिहरू छन् जसले तपाईंलाई महान् आज्ञाका अगुवाहरूको नयाँ पुस्तालाई संलग्न र पालनपोषण गर्न केही प्रगति देख्न मद्दत गर्नेछ ।

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

### १) पवित्र आत्मा र नया पुस्ता अगुवासाग साझेदार

१ एन्टिओखियाको मण्डलीमा अगमवक्ताहरू र शिक्षकहरू, अर्थात् बारनाबास, काला भनिने शिमियोन, कुरेनीका लुकियस, प्रान्तीय शासक हेरोदसँग हुर्केका मनेन र शाउल थिए। २तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाउललाई त्यस कामको लागी अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु"। ३तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमाथि आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए। प्रेरित १३ः १-३

एन्टिओखियाको मण्डलीका एल्डरहरूले बुझे कि आत्मिक नेतृत्वले सेवकाईको काममा पवित्र आत्मासँग साझेदारी गर्नु समावेश छ। पवित्र आत्मा मण्डलीको अन्तिम अगुवा हुनुहुन्छ र पृथ्वीभरि उहाँको छुटकाराको उद्देश्यहरू पूरा गर्न निर्देशन र शक्ति प्रदान गर्नुहुन्छ। विश्वव्यापी मण्डलीका आत्मिक अगुवाहरूलाई विश्वास र पवित्र आत्माको निर्देशनमा आज्ञाकारितामा प्रतिक्रिया दिन बोलाइन्छ।

धर्मशास्त्रको यो खण्डले पवित्र आत्माबाट भावी सेवकाईको बारेमा निर्देशनहरू प्राप्त गर्न एल्डरहरूले आफूलाई आराधना, प्रार्थना र उपवासमा राखेका थिए भनेर संकेत गर्दछ। यो नम्रताको अडान र सफल चर्च सेवकाईका अगुवाहरूको माझ रहेको परमेश्वरमा पूर्ण निर्भरताहामी सबैको लागि शिक्षाप्रद छ। तपाईं र तपाईंको मण्डली वा व्यवसायका अगुवाहरू उहाँका निर्देशनहरू प्रकट गर्नका लागि पवित्र आत्माको पर्खाइमा कति पटक आराधना र समर्पणमा भेला हुन्छन् ?अर्कोतर्फ, कति पटक, तपाईं आफ्नो विचार र योजनाहरू अगाडि बढाउनुहुन्छ, र त्यसपछि तपाईंको मनसायलाई आशिष् दिन पवित्र आत्मालाई भन्नुहुन्छ ?

बर्नाबास र शाऊल यी गतिविधिहरूमा भाग लिने एल्डरहरू मध्ये दुई थिए। यो तिनीहरूको आराधना र प्रार्थनाको लामो समयको दौडान थियो कि पवित्र आत्माले तिनीहरूको जीवन र तिनीहरूको मण्डलीको लागि उहाँको योजनाहरू र आह्वानहरू प्रकट गर्नुभयो। येशू ख्रीष्टको मण्डली सदाको लागि एन्टिओखियाको एल्डरहरूप्रति ऋणी छ जो पवित्र आत्माको मार्गदर्शन खोज्नको लागि धैर्य र नम्र थिए, र त्यसपछि मण्डलीको इतिहासमा दुई महान् मिसनरीहरू पठाउन उहाँसँग साझेदार थिए।

यदि तपाईंको मण्डली वा व्यवसायमा नयाँ पुस्तायुवा अगुवाहरूको लागि परमेश्वरले

त्यस्ता योजनाहरू बनाउन चाहनुहुन्छ भने के हुन्छ ? पवित्र आत्माद्वारा नयाँ काममा बोलाइएका बर्नाबास वा शाऊल तपाईंको बीचमा हुन सक्छन् ? पवित्र आत्माले उहाँको मनसायलाई स्पष्ट पार्न अनुमति दिने आत्मिक गतिविधिहरूमा आफ्नो झुण्डको नेतृत्व नगरेसम्म तपाईंले कसरी थाहा पाउनुहुनेछ ?

तपाईंसँग नयाँ पुस्ता अगुवाहरूका लागि धेरै योजनाहरू र उद्देश्यहरू हुन सक्छन्, र तपाईंले ती योजनाहरूलाई आशिष् दिन पवित्र आत्मालाई सोधिरहनुभएको हुन सक्छ। प्रार्थना, उपासना र उपवासमा पवित्र आत्माको नेतृत्वमा आफ्नो योजना र विचारहरू किन समर्पण नगर्ने ? यदि तपाईंले प्रभुलाई पर्खनुभयो भने, उहाँले आफ्नो इच्छा स्पष्ट पार्नुहुनेछ र भविष्यका अगुवाहरू पहिचान गर्नुहुनेछ, र उहाँका योजनाहरू र उद्देश्यहरूसँग सहयोग गर्न तपाईंले के गर्नुपर्छ भनेर तपाईंले थाहा पाउनुहुनेछ।

## २) आत्मिक शक्तिको आधारबाट नेतृत्व गर्नुहोस्

"जसै शमूएल बढ्न लागे, परमप्रभु तिनीसँग हुनुभयो, र उहाँका वचनहरूमा एउटै पनि अपूर्ण रहेन। अनि दान देखि बेर्शेबासम्मका सारा इस्राएलले शमूएल परमप्रभुको अगमवक्ता भएछन् भनी मान्यता दिए। परमप्रभु शीलोमा देखा पर्दैरहनुभयो, र त्यहाँ उहाँले आफ्नो वचनद्वारा आफूलाई शमूएलकहाँ प्रकट गर्नुभयो" १ शमूएल ३ः १९-२१

बाल्यकालदेखि, शमूएललाई इस्राएल देशको लागि आत्मिक अगुवा हुनको लागि परमेश्वरले अलग्गै राख्नुभएको थियो। प्रभावकारी रूपमा नेतृत्व र सञ्चार गर्ने उहाँको शक्तिको स्रोत उहाँको जीवनमा परमेश्वरको उपस्थिति र आवाज थियो। परमेश्वर शमूएलसँग उनको बाल्यकाल र किशोरावस्थामा हुनुहुन्थ्यो, सार्वभौम रूपमा आत्मिक नेतृत्वको लागि जग बसाल्नुभयो। शमूएलले बोलेको एउटै शब्दलाई पनि यहोवाले आफ्नो किशोरावस्थामा व्यर्थ वा प्रभावहीन हुन दिनुभएन। परमेश्वर देखा पर्नुभयो र शमूएललाई उहाँको वचनद्वारा प्रकट गर्नुभयो जुन समयमापरमप्रभुको वचन इस्राएलमा दुर्लभ थियो ( १ शमूएल ३ः १)। परमेश्वरले मायालु र उद्धेश्यसहित नयाँ पुस्ता अगुवालाई राष्ट्रिय आत्मिक नेतृत्वको भूमिकामा हुर्काउनुभयो। अन्ततः, शमूएल एक राष्ट्रको प्रमुख अगुवा भए। एक परिपक्व अगुवाको रूपमा शमूएलको आत्मिक शक्तिको स्रोत उसको स्थिति, शिक्षा वा वंशावलीमा आधारित थिएन; बरु, यो इस्राएलका परमेश्वरसँगको व्यक्तिगत भेटघाटको जीवनकालबाट उत्पन्न भएको थियो, परमेश्वरको आवाजमा उहाँको पहिलो प्रतिक्रियाबाट सुरु गर्दै, "भन्नुहोस्, तपाईंको दासले सुन्दैछ" १ शमूएल ३ः १०। निस्सन्देह यो एक कथन थियो जुन उनले आफ्नो आत्मिक यात्रामा धेरै पटक दोहोर्याए। शमूएलले आत्मिक शक्तिको आधारबाट नेतृत्व गरे।

"शक्ति आधार" शब्द मैले जे. रोबर्ट क्लिन्टनको नेतृत्व उदय सिद्धान्तबाट पहिलो पटक सुनेको हो जसले प्रस्ताव गर्दछ कि आत्मिक अगुवाहरू जन्मजात अगुवाहरू

होइनन्, बरु तिनीहरूको नेतृत्व पवित्र आत्माको सार्वभौम शक्ति र गतिविधि अन्तर्गत जीवनभर देखा पर्दछ। क्लिन्टनले शक्ति आधारलाई "विश्वसनीयता, शक्ति भिन्नता, वा स्रोतहरूको स्रोतको रूपमा परिभाषित गर्दछ जसले अगुवालाई चेलाहरूलाई प्रभाव पार्ने अधिकार प्राप्त गर्न सक्षम बनाउँछ" (क्लिंटन, ज्ञढडड)। उहाँले आत्मिक नेतृत्वमा दुई प्रकारका शक्ति आधारहरू वर्णन गर्नुहुन्छ।

पहिलो प्रकार एक स्थितिगत शक्ति आधार हो। यस प्रकारको अगुवाको शक्ति, प्रभाव, वा विश्वसनीयताको स्रोत संगठनमा उनीहरूको स्थितिबाट उत्पन्न हुन्छ। पुरानो नियममा राजा शाऊल एक व्यक्तिको उदाहरण हो जसले केवल एक स्थानिय शक्ति आधारबाट नेतृत्व गरे। अन्ततः, ईर्ष्या, डर, असुरक्षा र नियन्त्रण उनको नेतृत्वका विशेषता थियो। राजा शाऊलले एक अस्वस्थ र पागल नेतृत्व संस्कृति सिर्जना गरे जसले प्रतिभाशाली अगुवाहरूलाई हटायो र डरलाग्दो र असुरक्षित चेलाहरू सिर्जना गऱ्यो। शाऊलमा विश्वासको समस्या थियो, र प्रायः विश्वासयोग्य चेलाहरूलाई उनको कार्य वा दृष्टिकोणसँग असहमत भएकोले अविश्वासयोग्य भएको आरोप लगाए। तिनले दाऊदसँगको मित्रताको कारण आफ्नो छोरा जोनाथनलाई अविश्वासयोग्य भएको आरोपसमेत लगाए। शाऊलको स्थानीय शक्ति आधारको प्रयोगले अगुवाको रूपमा उनको असफलतामा ठूलो योगदान पुऱ्यायो।

दोस्रो प्रकार आत्मिक शक्ति आधार हो, जहाँ एक समुहमा व्यक्तिको अधिकार र प्रभाव तिनीहरूको स्थितिबाट उत्पन्न हुँदैन, बरु तिनीहरूको जीवनमा स्पष्ट आत्मिक शक्ति द्वारा हुन्छ। दाउद, एक गोठालो केटा जो पछि इस्राएलको राजा बने, आत्मिक शक्तिको आधारबाट नेतृत्व गरे। यो उनको जीवनको प्रारम्भमा प्रदर्शन गरिएको छ जब, युवावस्थामा, उनले इस्राएलको परमेश्वरको अवहेलना गर्ने विशाल गोलियतको सामना गरे र उनलाई पराजित गरे। जब उनले साहसी भई इस्राएलीहरू भन्दा धेरै अग्लो र बलियो एक अनुभवी योद्धालाई संलग्न गराए, उनले घोषणा गरे, "तँ त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैंले विरोध गरेको इस्राएलका फौजहरूका परमेश्वर, सर्वशक्तिमान् परमप्रभुको नाउँमा आएको छु" १ शमूएल १७:४५।

परमेश्वरले अन्ततः दाऊदलाई इस्राएलको राजाको रूपमा शक्तिशाली स्थान दिनुहुने थियो, तर उहाँले अझै पनि आफ्नो जीवनकाल भर एक अपवादको साथ आत्मिक

शक्ति आधारबाट नेतृत्व गर्नुभयो । जब दाऊद इस्राएलको सेनासँग युद्धमा जान असफल भए, अविश्वासको काम जस्तै बेथशेवासँगको उसको व्यभिचारी सम्बन्ध र उनको पति उरियाहको हत्याले प्रकट गर्यो कि उनी त्यतिबेला एक स्थानिय शक्ति आधारबाट नेतृत्व गरिरहेका थिए । पवित्र आत्माको शक्ति अब उहाँको नेतृत्वको आधार थिएन । उनले इस्राएलको राजाको हैसियतमा आफ्नो हैसियत प्रयोग गरी बेथशेवालाई व्यभिचारको लागि आफ्नो दरबारमा बोलाए र उरियाहलाई मार्ने षड्यन्त्र रचे । यद्यपि दाऊदले पछि परमेश्वरको क्षमा र आत्मिक पुर्नस्थापना पाए तापनि यो विनाशकारी निर्णय परमेश्वरले उनलाई सुम्पनु भएको नेतृत्वको दुरूपयोग मात्र होइन, यो निकै महँगो पनि साबित भयो । नतिजाहरू पीडादायी थिए, र यो घटनाले उनको नेतृत्व प्रभावमा एक पहाड र बर्बादीको संकेत दियो । राजा दाऊदको जीवनभरि, उनको सबैभन्दा ठूलो प्रभाव, विश्वसनीयता र शक्ति भिन्नता पवित्र आत्माद्वारा परमेश्वरसँगको एक घनिष्ठ सम्बन्धबाट आएको हो ।

तपाईको संगठन र समुदाय भित्र शक्ति, प्रभाव, र विश्वसनीयताको स्थिति परमेश्वरले तपाईलाई प्रदान गर्नु भएको हुन सक्छ । अरूलाई प्रभाव पार्न र कामहरू गर्नको लागि आफ्नो स्थितिमा धेरै भरोसा गर्न सजिलो हुनेछ । म तपाईलाई तपाईको स्थितिको पर्वाह नगरी एक आत्मिक शक्ति आधार देखि नेतृत्व गर्न प्रोत्साहन दिन्छु । नयाँ पुस्ता अगुवाहरूको लागि यस प्रकारको आत्मिक नेतृत्वको नमुनाबन्नुहोस् । तिनीहरूलाई यी दुई शक्ति आधारहरूमा भिन्नताको व्याख्या गर्नुहोस् र तपाईंले आफ्नो जीवनका मौसमहरूबाट सिकेका पाठहरू बाँड्न इच्छुक हुनुहोस् जब तपाईंले गलत शक्ति आधारबाट नेतृत्व गर्नुभएको वा प्रलोभनमा परेको हुन सक्छ । जब तपाईं प्रतिभाशाली युवा अगुवाहरू शक्ति र प्रभावको पदको लागि प्रतिस्पर्धा गर्दै गरेको देख्नुहुन्छ तब प्रेममा सत्य बोल्नुहोस् । विनम्रतापूर्वक तिनीहरूको मनसायलाई चुनौती दिनुहोस् र तिनीहरूलाई उनीहरूको वास्तविक शक्ति कहाँ पाइन्छ भनेर सम्झाउनुहोस् । परमेश्वरले जकरियालाई यरुब्बाबेल नामको नयाँ पुस्ता अगुवाको लागि सन्देश दिनुभयो जुन सबै अगुवाहरूले सम्झनु आवश्यक छ ।"...न त बलले न शक्तिले, तर मेरो आत्माले, सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ" जकरिया ४:६ ।

## ३) एक शक्तिशाली प्रार्थना जीवनको नमुना बन्नुहोस्

तब मोशाले उहाँलाई भने, "यदि तपाईको उपस्थिति हामीसित गएन भने हामीलाई यहाँबाट उता नलानुहोस् । तपाई हामीसितै नगएसम्म म र तपाईका मानिसहरूले तपाईको निगाह पाएका छौं भनेर हामीले कसरी जान्ने ? अरू के कुराले म र तपाईका मानिसहरू पृथ्वीका सारा मानिसहरूदेखि भिन्नै हुन्छौं ?प्रस्थान ३३: १५- १६

मोशा एक नेता थिए जसले विशेष गरी उनको जवान सहयोगी, यहोशूको अगाडि

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

एक शक्तिशाली प्रार्थना जीवन नमुना बने । यहोशूले मोशाले परमेश्वरसँग बाँडेको घनिष्टतालाई आफैले देखे । जब मोशाले प्रभुसँग कुरा गर्दै सिनै पर्वतमा चालीस दिन बिताए, तब यहोशू उनीसँग पर्वतमा थिए (प्रस्थान २४: १३- १८; ३२: १५-१९) । जाशुसहरूले प्रतिज्ञा गरिएको भूमिको बारेमा विवरण दिएपछि, जब मोशा र हारून इस्राएलको विद्रोह र अविश्वासको प्रतिक्रियामा परमप्रभुको अगाडि झुकेका थिए, यहोशूले मोशालाई परमेश्वरको अगाडि नम्र भएको र मानिसहरूको लागि मध्यस्थता गरेको देखे (गन्ती १४: ५-६) ।

निस्सन्देह, मोशाको घनिष्ठ सम्बन्ध र इस्राएलका परमेश्वरसँगको कुराकानीले यहोशूमा गहिरो प्रभाव पारेको थियो । प्रस्थानको पुस्तकमा लेखिएको छ, “परमप्रभु मोशासित यसरी आमनेसामने कुरा गर्नुहुन्थ्यो, जसरी कोही आफ्ना मित्रसित कुरा गर्दछ । तब मोशा फर्केर छाउनीमा आउँथे, तर तिनको जवान सहायक, नूनका छोरा यहोशू, त्यस पालबाट निस्कँदैनथे ।” प्रस्थान ३३: ११ । मोशा गएपछि यहोशू भेट हुने पालमा बस्नुपर्ने के कारण हुन सक्छ ? कसै-कसैले उहाँ पालको रक्षा गर्न बसेको भन्न सक्छन् । यो केहि स्पष्ट कारणहरू को लागी अत्यधिक असम्भव छ । पहिलो, भेट हुने पाल एक समर्पित पवित्रस्थान थिएन । प्रस्थान ३३:७ ले भन्छ, “मोशाले चाहिँ छाउनीदेखि धेरै टाढामा पाल टाँग्ने गर्थे । तिनले त्यसलाई “भेट हुने पाल”भन्थे ।” स्पष्ट रूपमा मोशाले तत्काल उपलब्ध भएको पाललाई लिए र यसलाई एक निजी स्थानको रूपमा तोके जहाँ उनी र प्रभु आमनेसामने भेट्न सक्थे । पाल त आतिथिसत्कारको एउटा सामान्य साधन मात्र थियो र त्यसैले प्रयोगमा नभएको बेला यसको कुनै आन्तरिक मूल्य थिएन । दोस्रो, परमेश्वरको उपस्थितिलाई सुरक्षाको आवश्यकता पर्दैन । उहाँ आफ्नो महिमाको रक्षा गर्न पूर्णतया सक्षम हुनुहुन्छ र उहाँलाई रक्षा गर्न कुनै नश्वरको आवश्यकता पर्दैन ।

सम्भवतः यहोशूलाई भेट हुने पालमा बस्नुको सबैभन्दा व्यावहारिक कारण यो थियो कि उनलाई थाहा थियो कि त्यहाँ परमेश्वरले मोशासँग आमनेसामने भेट गर्नुहुन्थो । सायद यहोशूले आशा गरे कि एक दिन परमेश्वरले उनलाई भेट हुने पालमा घनिष्ठ भेटको लागि निम्तो दिनुहुनेछ, र उनी परमेश्वरको उपस्थितिको नजिक रहन चाहन्थे । मोशाको उत्तराधिकारीको रूपमा, यहोशूले बुझे कि मोशाले आफ्ना मानिसहरूलाई अगुवाइ गर्नको लागि परमेश्वरबाट प्रार्थना र निर्देशनमा भर परेका थिए, र उनी आफ्ना गुरुको उदाहरण अनुकरण गर्न चाहन्थे ।

परमेश्वरसँग समय बिताएपछि मोशाको शारीरिक अनुहार उज्यालो थियो । उहाँहरूको आनन्दित गहिरो आत्मीयताको कारण परमेश्वरले मोशाको कुरा सुन्नुभयो र उनको अनुरोधलाई सम्मान गर्नुभयो । तपाईंलाई कस्तो लाग्छ, प्रिय अगुवा ? स्वर्गमा हुनुहुने पितासँग घनिष्ठ समय बिताएपछि के तपाईं आफ्नो आत्मिक अनुहारमा फरक पाउनुहुन्छ ? के तपाईको प्रार्थनाको जवाफ दिइएको छ र तपाईं तपाईंको प्रार्थना जीवनको कारणले बदलिनु भएको छ ? के नयाँ पुस्ता अगुवाहरूलाई कसरी अझ शक्तिशाली र प्रभावकारी रूपमा प्रार्थना गर्ने भनेर थाहा छ किनभने तपाईं र मैले उनीहरूका लागि लगातार नमुना बनेका छौं ? के युवा अगुवाहरूले ख्रीष्टसँगको हाम्रो सम्बन्धमा देखेर उहाँसँग घनिष्ठताको अनुभव गर्न चाहन्छन् ?

एउटा नयाँ "भेट हुने पाल", एउटा प्रार्थना कोठा, एक पवित्र ठाउँ, जहाँ हामी दिनहुँ गहिरो र घनिष्ट तरिकामा परमेश्वरसँग भेट्न प्रवेश गर्छौं भनेर सँगै प्रतिबद्ध गरौं । नयाँ पुस्ताका अगुवाहरूले अनुकरण गर्न चाहेको एक लगातार, शक्तिशाली, र परिवर्तनकारी प्रार्थना जीवनलाई नमुना गरौं ।

## ४) अभ्यास गर्नुहोस् र आत्मिक अनुशासनहरूलाई प्रोत्साहन दिनुहोस्

बिहान उज्यालो हुनभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो । मर्कुस १:३५

उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो । मत्ती ४:२

येशूले आफ्नो सेवकाई भरि आत्मिक अनुशासनहरू अभ्यास गर्नुभयो । केही स्पष्ट गतिविधिहरूमा एकान्त, प्रार्थना र उपवास समावेश थियो । येशूले विभिन्न कारणले आत्मिक अनुशासन अभ्यास गर्नुभयो । पहिलो, उहाँ आफ्नो स्वर्गीय पितासँग एकान्तमा घनिष्ठ समय बिताउन चाहनुहुन्थ्यो । दोस्रो, उहाँले यी गतिविधिहरू उहाँलाई सेवाको कठोरता, धार्मिक अगुवाहरूको विरोध र तीव्र आत्मिक युद्धको लागि तयार गर्न प्रयोग गर्नुभयो । तेस्रो, तीव्र सेवकाई वा विरोधको मौसम पछि उहाँलाई ताजा गर्न र आफ्नो शक्ति भर्न मद्दत गर्न उहाँले आत्मिक अनुशासनहरू प्रयोग गर्नुभयो ।

येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो कि दुष्टसँगको निश्चित लडाँईहरूमा सफल हुनको लागि आत्मिक तयारी आवश्यक छ । जब उहाँका चेलाहरूले एक चोटि भूत निकाल्न असमर्थ भए, जसले गर्दा येशूले कार्य पूरा गर्नको लागि कदम चाल्नुभयो, तिनीहरूले उहाँलाई गोप्य रूपमा सोधे किन तिनीहरू असफल भए । "उहाँले जवाफ दिनुभयो, 'यस्तो किसिमको चाहीं प्रार्थना र उपवासले बाहेक अरू कुनै उपायले धपाउन सकिँदैन । '" मर्कूस ९:२९ । यस प्रतिक्रियाबाट, यो स्पष्ट छ कि त्यहाँ केही गहिरिएर बसेका र जोडिएका आत्मिक किल्लाहरू छन्

# नयाँ पुस्ताका महान आज्ञाका अगुवाहरूलाई हुर्काउँदै

जसलाई ध्वस्त हुनको लागि आत्मिक अनुशासनहरूको प्रयोग आवश्यक छ। येशूको जवाफले संकेत गर्दछ कि यी अनुशासनहरूले उहाँलाई आत्मिक विरोधको सामना गर्न निरन्तर तयार रहन अनुमति दियो ।

धेरै स्थापित आत्मिक अगुवाहरूलाई विश्रामको आत्मिक अनुशासन अभ्यास गर्न प्रोत्साहित गर्न आवश्यक छ। प्रायः हामी आफूलाई दिइएको हप्तामा हामीले गर्नु पर्ने भन्दा बढी गर्न आफूलाई धकेल्छौं, र यदि हामी आफैंसँग इमानदार छौं भने, हाम्रो प्रेरणा कहिलेकाहीं गलत हुन्छ - यदि हामी मण्डली, समारोह वा कार्यक्रमहरूमा देखा परेनौं भने अरूलाई निराश पार्ने डर, अरूले हाम्रो संगठनप्रतिको हाम्रो समर्पणको बारेमा के सोच्छन् भन्ने डर, उदाहरण बन्नको लागि हामी अरू भन्दा कडा परिश्रम गरिरहेका छौं भनेर प्रमाणित गर्ने इच्छा, यदि हामीले एक दिन बिदा लियौ भने महत्त्वपूर्ण सेवकाइ वा व्यवसाय सम्पन्न हुनेछैन भन्ने डर - यी विश्रामको अनुशासन अभ्यास नगर्ने आत्मिक अगुवाहरूको लागि केही प्रेरणाहरू हुन् । यी बहानाहरूको बिचमा हृदयमा कस्ता भावनाहरू आउँछन् ? के यो गर्व हुन सक्छ ? वा झुटो दोष ? वा कामको आदत ? के यो परमेश्वर वा अरूमा विश्वासको कमी हुन सक्छ ? यदि तपाईंले आफ्नो शारीरिक, भावनात्मक र आत्मिक शक्तिलाई ताजा गर्नको लागि नियमित विश्राम लिन असमर्थ हुनुहुन्छ भने यी प्रश्नहरू विचार गर्न लायक छन् ।

मार्क बुकाननले आफ्नो पुस्तक “द रेस्ट अफ गॉड” मा भन्छन्, “बिश्राम मानिसको लागि बनाइएको थियो । यो परमेश्वरले धेरै पहिले तयार गर्नुभएको कुरा थियो, सृष्टिको क्रममा कुँदिएको थियोः एक दिन जब अन्य सबै दिनहरूले आफ्नो पकड छोडे । उनीहरू बाध्य भए । यो एक दिन हो जुन परमेश्वरले हामीमाथि हाबी गर्नको लागी थियो, हामी यसमा होइन । यो हाम्रो रक्षा गर्न, हामीलाई श्रद्धांजलि अर्पण गर्न, हाम्रा सबै सृष्टि कमजोरीहरू र परमेश्वरले छापिएको सौन्दर्य र कडा-विजयी स्वतन्त्रतामा, हाम्रो स्थितिमा पुरुष र महिलाको रूपमा डिजाइन गरिएको थियो जसलाई परमेश्वरले आफ्नै स्वरूपमा बनाउनुभयो र आफ्नै आफ्नै हात र रगतद्वारा मुक्त गर्नुभयो ।” (बुकानन २००८)

आत्मिक अनुशासनको सन्दर्भमा नयाँ पुस्ताअगुवाहरूको लागि स्थापित अगुवाहरूले कस्तो प्रकारको उदाहरण बनाउँदैछन् ? के हामी उनीहरूलाईहाम्रो जीवनमा स्वस्थ

सन्तुलनका फाइदाहरू र आशिषहरू बुझ्न मद्दत गर्दैछौं ? के हामीले तिनीहरूलाई आत्मिक अनुशासनहरू प्रयोग गरेर जीवन र सेवामा कसरी फस्टाउने भनेर सिकाउँदैछौं ? के हामीले तिनीहरूलाई आत्मिक युद्धको लागि आवश्यक उपकरणहरू सुसज्जित गर्दैछौं ? आत्मिक अनुशासनहरू "सिकाउनु भन्दा पक्रनु" राम्रो छ । नयाँ पुस्ता अगुवाहरूले तिनीहरूलाई परिपक्व आत्मिक अगुवाहरूमा पालनपोषण गर्न खोज्नेहरूले स्थापित गरेको सकारात्मक उदाहरण देख्न आवश्यक छ ।

## ५) आत्मिक आशिष् दिनुहोस्

परमेश्वरले पुरुष र स्त्री सृष्टि गरेपछि पहिलो पिताको आशीर्वाद उत्पत्ति १ मा उल्लेख गरिएको छ । उहाँले तिनीहरूलाई आशीर्वाद दिनुभयो र तिनीहरूलाई फल्वन्त र वृद्धि हुन, पृथ्वी भर्न र यसलाई वशमा पार्न आज्ञा दिनुभयो (उत्पत्ति १:२८) । पछि, ठूलो बाढीले पृथ्वीको अनुहार ध्वस्त गरिसकेपछि, परमेश्रले नोआ र तिनका छोराहरूलाई आशिष् दिनुभयो र उनीहरूलाई तिनीहरूका पुर्खा आदमलाई जस्तै आज्ञा दिनुभयो । सायद उत्पत्ति १२ मा अब्राहामको सबैभन्दा प्रसिद्ध आशिष् हो जहाँ परमेश्वरले आफ्ना सन्तानहरूलाई अनन्त आशिष् दिने प्रतिज्ञा गर्नुभयो । आशीर्वाद दिने प्रचलन पुरानो नियमभरि कुलपिताहरू, अगमवक्ताहरू, पुजाहारीहरू र राजाहरूको जीवनमा बारम्बार देखापर्छ । हारून र तिनका छोराहरूलाई पुजाहारीपनकोकर्तव्यको बारेमा निर्देशन दिंदा, परमप्रभुले मोशालाई इस्राएलीहरूलाई निम्न आशीर्वादहरू उच्चारण गर्न भन्नुभयो ।"परमप्रभुले तिमीहरूलाई आशिष् देऊन् र तिमीहरूलाई रक्षा गरुन् । परमप्रभुले आफ्नो मुख तिमीहरूमाथि चम्काऊन् र तिमीहरूलाई अनुग्रह गरून् । परमप्रभुले आफ्नो चेहरा तिमीहरूमाथिप्रकाश गरून् र तिमीहरूलाई शान्ति देऊन् ।" गन्ती ६:२४-२६ । हजारौं वर्ष पछि, यही आशीर्वाद संसारभरका मण्डली सेवाहरूमा नियमित रूपमा उच्चारण गरिन्छ र इमानदारी र कृतज्ञताका साथ दिइन्छ र प्राप्त गरिन्छ ।

